# मनहरी गाउँपालिका
# गाउँ सभाको १३ औं अधिवेशनमा अध्यक्ष श्री रञ्जन कालाखेतीज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम

मनहरी गाउँपालिका

गाउँ सभा सचिवालय, रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल

स्वीकृत मिति २०८०-०३-१०

"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध मनहरीको आधार"

# आ.ब. २०८०/०८१ को नीति तथा कार्यक्रम

उपाध्यक्षज्यू,
कार्यपालिका सदस्यज्यूहरु,
सभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी साथीहरु,

- नेपालको संविधान जारी भएपछि दोस्रो पटकको स्थानीय तह सदस्य निर्वाचनबाट मनहरी गाउँपालिकाको हामी निर्बाचित जनप्रतिनिधिको एक बर्षे अबधि ब्यतित भई हाम्रो कार्यकालको दोश्रो बर्षको यस गाउँसभाको तेह्रौ अधिवेशनमा सबैलाई स्वागत गर्न चाहन्छु ।

- गत बर्ष हामीलाई मनहरी गाउँपालिकाको नेतृत्व गर्ने जिम्मेवारी प्राप्त भए पश्चात हाम्रो कार्यकालको प्रथम नीति तथा कार्यक्रम र बजेट सफलतासाथ कार्यान्वयनमा सघाउ पुर्याउने हुने जनप्रतिनिधि, कर्मचारी, आम मनहरीबासी तथा सरोकारलाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

- यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरु दश बर्षे जनयुद्ध, १९ दिने जन आन्दोलन तथा बिभिन्न आन्दोलनहरुमा शहादत प्राप्त ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, साथै घाईते बेपत्ता तथा द्वन्दपीडित परिबार प्रति उच्च सम्मान प्रकट गर्दछु । सात दशक लामो बलिदानीपूर्ण सङ्घर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । यी सङ्घर्ष र आन्दोलनमा नागरिकले पुर्‍याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोर्‍याई रहनेछ ।

- जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधारस्तभको रुपमा रहने स्थानीय तहको गत बर्ष सम्पन्न निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । नयाँ जनादेशसहित निर्धारित समयमा नै स्थानीय तहको गठन भएसँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ ।

- हामीले उठाएका मुद्दालाई मनहरीबासीले जनमत मार्फत् अनुमोदन गरी हिजो भन्दा फरक राजनीतिक परिवेशका साथ हामीले सरकारको नेतृत्व गर्दै नागरिकलाई सेवा गर्ने अवसर प्रदान गर्नु भएको छ हामीले उठाएका सवाललाई पूरा गर्नेमा हामी सबैको प्रयास रहने पुनः प्रतिवद्धता व्यक्त गर्दछौं ।

रन्जन कालाखेती
अध्यक्ष

बिधमान परिवेशः

- गत मंसिरमा भएको आम निर्वाचन पश्चात संघ तथा प्रदेशमा स्थीर सरकारहरु बनिसकेको कारण राजनीतिक रुपले कानून बमोजिम निर्बाध कार्यसम्पादन गर्ने वातावरण बन्दै गएको छ । राजनीतिक रुपले केही फरक/फरक मूल्य मान्यता भएको पार्टीबाट नेतृत्व गरिएको अबस्था भएपनि समृद्ध मनहरी बनाउने सबैको साझा लक्ष्य भएकोले यस गाउँपालिकामा हामी सबै जन निर्बाचित प्रतिनिधिहरु भावनात्मक रुपले एक भई समन्वयात्मक ढंगले हातेमालो गर्दै जनसेवामा जुटिरहेका छौं ।

- यस बर्ष बिबिध कारणले संघीय तथा प्रदेश अनुदान प्रभावित हुन पुगेको छ । त्यसै गरी संघ र प्रदेश सरकारका सम्बद्ध निकायसँग उचित सहसम्बन्ध तथा सहकार्यको अभावमा ठेक्का लगाउन नसक्दा गाउँपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजस्व विशेष गरी ढुङ्गा गिटी, बालुवाको बिक्री शुल्कबाट प्राप्त हुनुपर्ने राजस्व रकम प्राप्त हुन नसक्दा समग्र गाउँपालिकाका विकास योजना र रोजगारीको क्षेत्र संकुचन हुन गएकोमा सम्बद्ध पक्षसँग सहकार्य अगाडी बढाई ठेक्का लगाउने व्यवस्थाका लागि आवश्यक पहल गरिने र अत्यावस्यक रुपले नगरी नहुने देखिएका निर्माणका योजनाहरुमा आर्थिक श्रोत अभाव हुन नदिनेमा प्रयास गरिनेछ ।

- "शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध मनहरीको आधार" भन्ने मूल नाराका साथ सामाजिक एकताको भावनासाथ समृद्ध मनहरी बनाउने र आम महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, आदिबासी जनजाति, चेपाङ्, लोपोन्मुख जाति वनकरीया, अल्पसंख्यक बोटे समूदाय लगायत आर्थिक सामाजिक रुपले पछाडी परेका सबै बर्ग तह र तप्काका जनताको हितमा कार्य गर्ने दायित्वबोध भएको हामी जनप्रतिनिधि सोही भावनाका साथ अहोरात्र तल्लिन भइरहेको संदर्भमा अझै लगनका साथ मेहनत गर्नसकेमा हामीले सोचेको समृद्ध मनहरीको सपना साकार बनाउन सकिनेमा बिस्वस्त हुन सकिन्छ ।

- विगत बर्षमा गाउँपालिकाले आवश्यक सेवा प्रवाहको लागि संगठन संरचना तयार गरेको र जनशक्ति प्राप्त गरेको छ । सेवा प्रवाहको लागि वडा कार्यालयहरुको भवनहरुको निर्माण कार्य अगाडी बढाईएकोमा प्राय सबै वडा कार्यालय निर्माण सम्पन्न भइ सञ्चालनमा आइसकेको छ,वडा नं ४ को यस बर्ष निर्माण थालनी हुने छ । संगठन संरचना अनुरुपका प्राविधिक जनशक्तिको पदपूर्ति र भएका जनशक्तिलाई उत्प्रेरित गरी टिकाइराख्ने र खासगरि गाउँपालिका स्तरीय सेवा प्रवाहलाई व्यवस्थित गर्न आफ्नै केन्द्रिय प्रशासनिक भवन बनाउने प्रकृया समेत यसै बर्ष थालनी गरिनेछ ।

विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका प्रयास, अबसर तथा चुनौतिः

- प्रदेश राजधानीसँग जोडिएको र गाउँपालिकाका ९ मध्ये ४ वटा वडाहरु राजमार्गसँग जोडिएको अबस्थामा पनि शिक्षा तथा स्वास्थ्य क्षेत्रमा प्छाडी परिरहेको यस मनहरीको

समग्र शिक्षाको अवस्था सुधार गर्न विशेष जोड दिइएकोछ । आर्थिक अभावको कारण बिधालय जानबाट बञ्चित बालबालिका तथा श्रोत अभावको कारण शिक्षक व्यवस्थापन गर्न नसकेका बिधालयलाई उल्लेख्य छात्रबृत्ति र अनुदानको व्यवस्था गरेका छौं । प्रत्येक वडामा सामुदायिक स्वास्थ्य केन्द्र, एक स्थानमा नागरिक आरोग्य केन्द्र तथा मनहरी बजारमा १५ शैयाको अस्पताल निर्माण कार्यबाट पक्कै पनि मनहरीबासीले बिगत भन्दा सुधारिएको स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन् । पूर्वाधार तर्फ गाउँपालिकाकै गौरबका योजना स्वरुप पाँचवटा पक्की पुलले साबिक हाँडीखोलाको भूगोल जोडेपछि यस भेगका समग्र कृषकहरु लाभान्वित हुने र आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको कृषिमा यन्त्र उपकरण/मल्चिङ्ग प्लाष्टिक/टनेल अनुदान, उत्पादित तरकारी तथा फलफूल भण्डारणका लागि शित भण्डार निर्माण, पशुपालन प्रबर्द्धनमा पशुधन बीमामा अनुदान/प्रतिलिटर दुग्ध अनुदान/कृतिम गर्बाधान सेवा तथा पशुजाँच सेवामा लगानी बढाउने कार्यहरु समृद्ध मनहरीको लक्ष्य प्राप्तिका लागि गरिएको प्रयासको रुपमा लिन सकिन्छ ।

- यस मनहरी गाउँपालिकाको १९९.५२ बर्गकिलोमिटर भूभाग मध्ये अधिकांस कृषि उर्बर भूमि रहेको छ । साबिक हाँडिखोला तर्फ तरकारी, फलफूल, गेडागुडी उत्पादन हुने र मनहरी तर्फ धान लगायतको अन्नबाली र माथिल्लो भेगमा बाख्रा लगायत पशुपालन गर्न सकिने यहाँ प्रशस्त मात्रामा नदी उकास जमिनहरु अझै बाँझो रहेको र यातायातको समेत सहज पहुँच भएको कारण उधोग ग्राम सञ्चालनको सम्भावना रहेको छ । प्रदेश राजधानी नजिकै रहेको भूगोलमा बागमती प्रदेश सरकारबाट समेत उधोग ग्राम बनाउन गरिएको घोषणा मनहरीको लागि समृद्ध बन्ने र आफैंमा रोजगारी सृजनाको अबसरको रुपमा लिन सकिन्छ ।

- गाउँपालिकाको दक्षिण तथा पश्चिम तर्फ रहेको पर्सा र चितवन राष्ट्रिय निकुञ्जको संरक्षित क्षेत्र र मध्यबर्ती भूभाग प्राकृतिक तथा पर्याबरणीय हिसाबले महत्वपूर्ण हुँदाहुदै पनि बिधमान द्वैध कानूनी संरचानको कारण जल, जमिन र जंगलमाथिको अधिकारबाट स्थानीय बासिन्दा लाभान्वित हुनबाट बञ्चित रहनु र महत्वपूर्ण स्थानीय आर्थिक श्रोतको रुपमा रहेको नदीजन्य पदार्थको उपयोगमा नियन्त्रण हुनु समृद्ध मनहरी बनाउने विषयको मूख्य चुनौती हो भने अधिकांश मध्यबर्ती बस्तीमा निकुञ्जबाट बस्तिमा भित्रने जंगली जनाबरबाट हुने धन जनको क्षति, चुरे पहाडको छेउमा बस्ती तथा खेती योग्य जमिन भएकोले खहरेबाट हुने भू-क्षय तथा जमिनको कटान अर्को चुनौतीको रुपमा रहेको छ ।

नीति तथा कार्यक्रम तर्जुमाका आधारः

- नेपालको संविधान, २०७२ को अनुसुची-८ मा भएका एकल अधिकार लगायत अन्य धाराहरुमा उल्लेखित दायित्व तथा जिम्मेवारी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा



रत्नजेन्द्र कालाखेती
अध्यक्ष

भएका प्रावधान, मनहरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७९, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट तथा कार्यक्रमको प्राथमिकता र मार्गदर्शन, पन्धौ योजनाले परिलक्षित गरेका प्राथमिकताहरु तथा दीगो विकासका गरिबि र भोकमरी हटाउने, गुणस्तीय शिक्षा र स्वास्थ्यको व्यवस्था गर्ने, लैंगिक समानता तथा समावेशीकरण, सफा खानेपानी तथा स्वच्छ उर्जा, आर्थिक समृद्धि, नविनतम खोज, सामाजिक असमानता हटाउने, जलबायू अनुकुलन विकास तथा संतुलित उपभोग, व्यवस्थित बस्ती विकास एबम् शान्ति र न्यायको प्रत्याभूती जस्ता विश्वब्यापी लक्ष्यहरु एबम् स्थानीय सरकार स्थापना तथा सञ्चालनमा भएका ६ बर्ष देखिको अनुभव र सिकाईहरु नै यस नीति तथा कार्यक्रम तर्जुमाका मुख्य आधार रहेको छ ।

**चालु आ.ब.०७९/८० का हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त बिबरणः**

**पूर्वाधार क्षेत्रः**

- स्लाब बाटो निर्माण : ५१९७ मि.
- ग्राभेल बाटो निर्माण : ४२१७ मि.
- नयाँ ट्र्याक निर्माण : ९५४७ मि.
- रिटेनिंग वाल : २९७० मि.
- पक्कि नाला निर्माण : ५४६ मि.
- ग्याविन ड्याम निर्माण : ३५० मि.
- खानेपानी पाइपलाईन विस्तार कार्य : ३२०० मि.
- ट्वयल धाराः ५७ वटा
- कालोपत्रे सडक निर्माण : १४५० मि.
- सार्वजानिक भवन निर्माण तथा मर्मत सम्भार : १५ वटा
- कलभर्ट तथा पुल निर्माणः १० वटा
- कम्पाउड तारजालि, काडेतारः ६०० मि.
- घर नक्सा अभिलेखिकरणः १५४ वटा
- नयाँ घर नक्सा पासः ८ वटा
- जग्गा नापीः १५४ वटा कित्ता राजस्व रकम रु.५,०७,९९२५ ।

- लामिटार चकरी मकरी, रुपाचुरी फरिवाङ्ग,वडा नं २ सडक सडक स्तरउन्नती,
- ६ वटा सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माण सम्पन्न हुन लागेको, मनहरी अस्पताल भवन निर्माण कार्यले गति लिएको,

रन्जन कालाखेती
अध्यक्ष

- वडा नं १,६,७,९ को प्रशासनिक भवन निर्माण सम्पन्न भएको, गाउँपालिकाको केन्द्रिय प्रशासनिक भवन निर्माण स्थलको जग्गा भोगाधिकार प्रासिको प्रकृयामा रहेको/भवन निर्माणको बोलपत्र प्रकाशन तयारी अवस्थामा रहेको, ४ नं. वडा कार्यालयको लागि जग्गा प्रासि भई भवनको डि.पि.आर. भइरहेको ।

- वडा नं ३ मा तरकारी फलफुल कृषकलाई लक्षित गरी ४०० मेट्रिक टन क्षमताको कोल्ड स्टोर निर्माणका लागि बोलपत्र खोली मूल्याङ्कनको प्रकृयामा रहेको,

- वडा नं ७ प्रतापुरमा कालोपत्रे, वडा नं ८ र ९ सिमा सडक स्तरउन्नती, डिल्लीपुर सडक स्तरउन्नती लगायत ठूला परियोजना सञ्चालनमा रहेको,

- निर्माणाधिन पाँच वटा पक्की पुल मध्य चार वटाको कार्य प्रगति संतोषजनक रहेको, रजैया-दरदरा पक्की पुल निर्माण कार्य सुरु भएको,

- जोगिताल सुनाचुरी क्षेत्रमा डिप बोरिङ्गबाट खानेपानी लगायत बृहत खानेपानीका योजनाहरु व्यवस्थापन गरिएको, आदि ।

आर्थिक विकास क्षेत्रः

- कृषि, भेटेनरी, ईन्जिनियरिङ्ग, पोषण सहजकर्ता लगायत कर्मचारीहरु व्यवस्थापन, गाई बस्तुमा देखिएको लम्फि रोग नियन्त्रणको गर्न जनशक्ति परिचालन गरेको,

- मनहरी बहुमुखी क्याम्पसलाई सञ्चालन अनुदान,

- वडा नं ६ लाई बाख्रा पकेट क्षेत्र घोषणा गरी साझेदारीमा बाख्रा पालन प्रबर्धन सुरु गरेको,

- बागमती प्रदेश सरकारद्वारा प्रस्ताबित औधोगिक ग्राम स्थापनाको लागि वडा नं ६ खयरघारीमा जग्गा उपलब्ध गराउन समन्वय गरेको,

- रुपाचुरी पाङ्गथलीमा झोलुङ्गे पुल निर्माण गर्न सम्बन्धित संस्थासँग समन्वय भएको

सामाजिक विकास क्षेत्रः

- सामाजिक सुरक्षा भत्ता वितरणमा पायक पर्ने बैंक व्यवस्था गर्दै वडा तहमै पुगी भत्ता वितरण भइरहेको,

- वडागत रुपले बिभिन्न क्लब तथा युवा समूहलाई खेलकुद सामग्री वितरण, स्थानीय खेलकुद प्रतियोगितामा सहयोग,

सृजन कालाखेती
अध्यक्ष

- गाँउ शिक्षा समितलाई सकृय बनाई शिक्षा क्षेत्रमा उल्लेखनिय सुधार, गरिबसँग बिशेश्वर शैक्षिक सहयोग कार्यक्रम मार्फत् बिपन्न बर्गका बालबालिकालाई अध्यायपनमा सहयोग पुग्ने गरी शैक्षिक सहयोग कार्यक्रम,

- बिभिन्न बिपन्न नागरिकलाई दीर्घ रोग उपचारमा आर्थिक सहायता प्रदान, राष्ट्रिय निकुञ्जबाट आउने जंगली जनावरको आक्रमणबाट भएको मृतक तथा घाइतेलाई आर्थिक सहायता प्रदान, मनसुन जन्य विपद्बाट प्रभाबितलाई पुनरस्थापनाको लागि यथासम्भव सहयोग,

- महिला, दलित, आदिबासी जनजाति, अपाङ्गता समन्वय समिति कृयाशिल बनाइएको/जेष्ठ नागरिक समन्वय समिति गठन र सञ्चालनको लागि कार्यबिधि तर्जुमा गरेको,

- गर्भवती महिलाको लागि क्याल्सियम चक्की उपलब्ध गराउने गरेको, बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत वडा नं ३,४ र ७ छनौट गरि सुनौला १००० दिनको लागि २५ जना महिलालाई प्रति परिवार रु. २५ हजारका दरले अनुदान दिने व्यवस्था,

- गरिबसँग बिशेश्वर स्वास्थ्य बीमा कार्यक्रमबाट प्रत्येक वडाका २०० बिपन्न परिवारको निशुल्क स्वास्थ्य बीमा गरेको,

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूल प्रवाहीकरण रणनीति, २०७९ तर्जुमा गरेको,

- बिभिन्न बिधालयमा घेराबार, शुद्ध खानेपानी व्यवस्था तथा बालविकास केन्द्र निर्माण तथा मर्मत भएको,

- बागमती प्रदेश सरकार सामाजिक मन्त्रालयको सहयोगमा निर्माण हुने अपाङ्गता ग्राम निर्माणको लागि वडा नं ९ मा सम्भाव्यता अध्ययन भएको, अपाङता भएका व्यक्तिहरुको लागि समुदायमा पुनरस्थापना कार्यक्रम सञ्चालन गरेको,

- चेपाङ, वनकरीया, माझी, बोटे जस्ता सिमान्तकृत बर्गको आवास निर्माण कार्यमा सहयोग हुन ४० घरधुरी लाभग्राही सिफारिस गरेको,

- बिभिन्न सिमान्तकृत बिपन्न बर्ग रहेको बस्तीमा निशुल्क टयुवेल धारा वितरण गरिएको, आगलागी/बाढी जस्ता विपद्बाट क्षति भएको खानेपानी पाइप पुनरस्थापनामा पाईप खरीद गरी समुदायमा वितरण गरेको,

- प्लान/राडो नेपालको सहयोगमा वडा नं ७ मा युवा सूचना केन्द्र स्थापना, जिम तथा फिटनेश केन्द्र सञ्चालन गरिएको,

रन्जन कालाखेती
अध्यक्ष

- किशोर, किशोरी तथा युवा महिलाको लागि परिवर्तनका सम्बाहक कक्षा नामक सि.ओ.सि.कक्षा वडा नं ३ र ५ थप सञ्चालन भएको, बिभिन्न गै.स.स.लाई उनीहरुको बार्षिक कार्यक्रम सञ्चालनको लागि छनौट भएका वडाका स्थानहरुमा अनुमति उपलब्ध गराएको,

- महिलाहरुलाई बिभिन्न सीपमुलक तालिम व्यवस्था गरेको, युवाहरुलाई निशुल्कः लोक सेवा तयारी कक्षा सञ्चालनको व्यवस्था गरेको,

- निशुल्क वितरण गर्ने औषधि खरिद गरी वितरण गरिएको, भिडियो एक्सरे मेशिन खरिद गरी सेवा प्रदान गर्ने तयारी गरिएको, मनहरी अस्पतालमा ओ.पि.डि. सेवा विस्तार गरी विहान ८ बजेबाट नै सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको,

- तिलगंगा आँखा अस्पतालसँगको सहकार्यमा सामुदायिक आँखा केन्द्र मनहरीबाट दैनिक आँखा जाँच सेवा प्रदान,

- दुधमा प्रतिलिटर २ रुपैयाँ अनुदान दिँदै आएको र यस वर्ष गाउँपालिकाले रु.३२ लाख रुपैयाँ दुधमा अनुदान उपलब्ध गराइएको,

वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः

- हावाहुरी तथा आगलागी पिडीतलाई राहत उपलब्ध गराउन कार्यबिधि संसोधन गरी १० हजार/२० हजार उपलब्ध गराउने गरिएको,

- वनकरीया बस्ती नजिक आम्दानीको श्रोत समेत हुने गरी नरिवलको बृक्षारोपण गर्ने गरिएको ,

- बर्षात् तथा बाढीको कारण क्षेत विक्षत भएका सडकहरु तत्कालै मरमत सम्भार तथा सरसफाइ गरी सुचारु गरेको, आवश्यक स्थानहरुमा अस्थायी काठेपुल निर्माण गरी आबागमनलाई सहज बनाइएको,

- प्रदेश सरकार, संघ सरकार समेतबाट थप बजेट व्यवस्थापन गरी र आफ्नै श्रोतबाट समेत बिभिन्न झोरा नियन्त्रण, खोला नियन्त्रण, तटबन्धन तथा बृक्षारोपण गरी जनधनको सुरक्षा तथा बस्ती एबम् तथा खेतीयोग्य जमिन संरक्षण गरी नदी उकास जमिन खेती योग्य तुल्याएको,

सुशासन तथा संस्थागत विकास क्षेत्रः

- मनहरी ३ लामिटारमा रहेको भवनबाट समेत बिभिन्न सेवा प्रवाहको सुरुवात गरी आर्थिक मितब्ययिता अपनाएको,

रञ्जन कालाखेती
अध्यक्ष

- योजना प्रकृयामा युवा सहभागिता, सुरक्षित आप्रबासन कार्यक्रम सञ्चालन कार्यबिधि तर्जुमा गरी लागू गरेको । गाउँपालिका क्षेत्रबाट बैदेशिक रोजगारीमा जानेहरुको बस्तुगत विवरण समेटिएको बैदेशिक रोजगार प्रोफाइल तयार गरेको,

- २०७९ श्राबण २० गते बार्षिक समीक्षा बैठक तथा २०८० जेष्ठ २१ गते सार्वजनिक सुनुवाई सम्पन्न भएको,

- ७२७ मध्ये ६९३ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासीको आबेदन अनलाईन निंस्सा वितरण गरी सुकुम्बासी पहिचान र प्रमाणीकरण अन्तिम चरणमा पुगेको, गाउँपालिका भित्रको भूमिलाई कृषि र गैर कृषि क्षेत्रमा बर्गिकरण गरी अबरुद्ध भएको जग्गाको कित्ताकाट सुचारु गरेको,

- न्यायिक ईजलास व्यवस्थापन तथा वडागत मेलमिलापकर्ताहरुको व्यवस्था, मेलमिलापकर्ता र जनप्रतिनिधिलाई न्यायिक व्यवस्थापन तालिम प्रदान गरेको,

- गत बिगतको करीब ५ करोड भन्दा बढी बेरुजु सम्परीक्षण, स्थानीय तह संस्थागत स्वमूल्याङ्कन तथा बित्तिय जोखिम मुल्याङ्कनमा जिल्ला भरका स्थानीय तह मध्ये क्रमश द्धितिय र प्रथम स्थान हासिल भएको नतिजा प्राप्त,

- विधायन, विकास तथा सुशासन, लेखा समिति गठन भई कृयाशिल रहेको,

- स्थानीय सार्वजनिक खरिद नियमावली लगायत सम्बद्ध कानून तर्जुमा गरी लागू गरिएको,

- राजस्व परामर्श समितिको कार्य सञ्चालन कार्यबिधि तर्जुमा गरि लागू गरिएको, आन्तिरक आम्दानी सुनिश्चित गर्नको लागि मनहरी/लोथर लगायत खोलाहरुबाट नदीजन्य सामग्री उत्खनन गरी निकासी गर्ने प्रकृया सुरु गरिएको,

- जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम सञ्चालन कार्यबिधि बमोजिम अत्यावश्यकीय स्थानमा रकम बिनियोजन गरी रु.२ करोडको बिभिन्न ४३ वटा योजना कार्यान्वयन गरिएको,

- रिक्त प्राबिधिक दरबन्दीहरु पदपूर्तिको लागि लोकसेवा आयोगमा माग गरेको,

- घर नक्सा पास कार्यलाई व्यवस्थित बनाइएको/भवन नक्सा अभिलेखिकरण कार्य सञ्चालन गरेको,

- गाउँपालिकाको प्रगति सूचना सम्प्रेषणलाई नियमित,पारदर्शी र व्यवस्थित बनाउन प्रेष सल्लाहकार सम्बन्धी कार्यबिधि तर्जुमा गरी प्रेस सल्लाहकार व्यवस्था गरेको,

- गाँउपालिकाको डिजिटल प्रोफाइल निर्माण गर्ने कार्य प्रारम्भ गरिएको,

सभाका सदस्यज्यूहरु,

अब म आगामी आर्थिक बर्षको लागि विषय क्षेत्रगत रुपले तर्जुमा गरिएको नीतिहरु पेश गर्न चाहन्छु ।

१. आर्थिक विकासः

१.१ कृषि तथा पशुपन्छी विकासः

- खेती योग्य जग्गा बाँझो राख्न नहुने गरी खाली जग्गाहरुमा सामूहिक कृषि तथा चक्लाबन्दी गरी कृषि सञ्चालन गर्ने कार्यलाई प्राथमिकता प्रदान गर्दै गाउँपालिका भरका बाँझो जमिनलाई मापदण्ड बनाई करार वा सामुदायिक खेति गर्न प्रोत्साहित गरिनेछ ।

- स्वरोजगार मूलक कार्यक्रम सञ्चालन गर्न प्राविधिक सहयोग गराइनुको साथै ५०% अनुदानका कार्यक्रमलाई निरन्तरता दिईनेछ । कृषि तथा पशुपन्छीको उत्पादनमा आधारित अनुदान वितरण गरिनेछ ।

- कृषि तथा पशुपन्छी प्राविधिक सेवा दरवन्दी अनुरुपका कर्मचारी पदपुर्तिको लागि लोकसेवा आयोग लगायत सम्वद्ध निकायमा पहल गरिनेछ ।

- गाउँपालिकाभित्रै गुणस्तरीय वीउ उत्पादन गर्न कृषि क्षेत्रका आधुनिकिकरण र व्यवसायिकरण गर्न गाउँपालिकामा विउ उत्पादन कार्यक्रम अगाडी बढाइनेछ ।

- "खेतवारीमा कृषि प्राविधिक सेवा उत्पादनमा टेवा" भन्ने नारालाई किसानले खेतवारीमा नै प्राविधिक सेवा पाउने व्यवस्था मिलाइनेछ ।

- कृषकलाई निर्वाहमुखी कृषि प्रणालीबाट क्रमश व्यावसायिक कृषकको रुपमा रुपान्तरण गर्न नगदे बालीको रुपमा रहेको तरकारी खेती तर्फ आकर्षित गर्न आवश्यक सहयोग गरिनेछ । विशेष गरी मल्चिङ प्लाष्टिकमा ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

- कृषि तथा पशुपन्छीमा उपलब्ध गराइने अनुदानलाई थप व्यवस्थित गर्दै तथा साना कृषकलाई आत्म निर्भर बनाउन बाख्रा पालन तथा बंगुर पालन पैंचो कार्यक्रमलाई निरन्तरता दिइनेछ । गोठ सुधार गर्ने कार्यमा प्रोत्साहन गरिनेछ ।

- पशुपालनलाई प्रवर्द्धन गर्ने गरी साविकमा सञ्चालनमा रहेको गाई भैंसीको कृत्रिम गर्भाधानमा सुत्केरी भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

रन्जन कालाखेती

अध्यक्ष

- माटोको उर्वराशक्ति कमजोर भए उत्पादन कमजोर हुने हुँदा सबै वडाहरुमा माटो परीक्षण शिविर सञ्चालन गरी माटोमा आवश्यक सुधारका कार्य अगाडी बढाइनेछ ।

- दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध बिक्री गर्ने किसानलाई प्रति लिटरका दरले उपलब्ध गराउदै आएको नगद प्रोत्साहन कार्यक्रमलाई प्रदेश सरकारसँग समन्वय गरी निरन्तरता दिईनेछ । साथै कृषि तथा पशुपन्क्षी बजार व्यवस्थापको लागि प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

- कृषकहरुको उत्पादनलाई लक्षित गरी उत्पादित कृषि उपजलाई सहज रुपमा बजार सम्म लैजान कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइनेछ । तरकारी बालीको न्युनतम समर्थम मुल्य तोकिनेछ, न्युनतम मुल्यमा ब्यापारीबाट संकलन गर्न अनिच्छा प्रकट भएमा गाउँपालिकालेनै खरिद गरीराखे व्यवस्था मिलाईनेछ ।

- नमूनाको रुपमा गाउँपालिकाको लगानीमा एउटा वडालाई सम्भव भएसम्म पूर्ण रुपमा पकेटबाली क्षेत्रको रुपमा घोषणा गरी उत्पादन र उत्पादकत्व बृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्रका कम्तिमा एक हजार लैना पशुहरुको बीमा गर्न आवश्यक बीमा प्रिमियम रकममा ५० % अनुदान दिइनेछ ।

- एक वडा, एक क्षेत्र, एक बालीको नीतिलाई प्राथमिकता दिइने छ । हरेक वडको सम्भाव्यता अध्ययनको आधारमा पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।

- पशुपालनलाई प्रोत्साहन गर्न पोषणयुक्त घाँसे वालिको विकास गर्नुपर्ने हुँदा सो को लागि संघीय सरकारसँगको सहकार्यमा हरियो घाँस विस्तार कार्याक्रम सञ्चालन गरिनेछ ।

- उन्नत बाख्रा पकेट क्षेत्र कार्यक्रम लागु गरिनेछ । यस बर्ष प्रदेश सरकारसँगको साझेदारीमा वडा नं. ३ मा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

- वडा नं ६ को रुपाचुरी फरिवाङ्ग क्षेत्रमा अदुवा खेती प्रबर्द्धनमा सहयोग गरिनेछ ।

- कृषि उत्पादन प्रर्वद्धनका लागि कृषि बालि बीमामा पहुँच पुर्याउन प्रिमियममा लाग्ने शुल्कको २०% रकम गाउँपालिकाले ब्यहोर्ने व्यवस्था गरिनेछ ।

- कृषि एवं पशुजन्य व्यवसायमा युवा जनशक्तिलाई आकर्षित गर्ने गरी स्टार्टअप नवप्रवर्द्धन कार्यक्रमका लागि विशेष व्यवस्था गरिनेछ ।

- कृषि उत्पादन बढाउन र कृषि उपजलाई व्यवसायिक गर्ने उद्धेश्यका साथ कृषि मेलाको आयोजना गरिनेछ ।



अध्यक्ष

- स्थानीय कृषकबाट उत्पादित तरकारीको मूल्यमा कृषकले प्राप्त उचित मूल्यको सुनिश्चतताको लागि बिचौलिया प्रथालाई नियन्त्रण गरी कृषककै हातमा उचित मूल्य परोस भन्ने उद्धेश्यले कोल्ड स्टोरको सुविधा उपलब्ध गराईनेछ ।

- स्थानीय उत्पादन स्थानीय रुपमै खरिद बिक्री गर्न सकिने संयत्रको विकास गर्न प्रोत्साहित गरिनेछ ।

- उन्नत जातका बाख्रा उत्पादन तथा प्रबर्द्धनको लागि विशेष पकेट क्षेत्र कार्यक्रम र दुग्ध जन्य पदार्थको उत्पादनलाई प्रवर्द्धन गर्न प्रदेश सरकारसँगको सहकार्यमा उन्नत जातको भैंसी पालन गर्ने कार्यक्रममा सहयोग गरिनेछ ।

१.२ सहकारी तथा टोल विकास संस्थाः

- विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ ।

- महिला सहकारी र टोल विकास संस्था मार्फत् सीपमूलक, स्वरोजगारमूलक तालिम सञ्चालन गर्नुको साथै अवलोकन भ्रमण सञ्चालन गरी स्वरोजगार, स्वावलम्बी र आत्मनिर्भर नागरिक तयार गर्न जोड दिइनेछ । साथै महिला सहकारी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- टोल विकास संस्थाहरुको नेतृत्व विकास गरी सामाजिक व्यवहार सुधार सम्बन्धी कार्यक्रम, सचेतना र सरसफाई सम्बन्धी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । सफा टोलको छनौट गरि वडा/पालिकाले पुरस्कृत गर्ने नीति लिइनेछ ।

- उपभोक्ता समिति मार्फत् सञ्चालन गरिँदै आएको सार्वजनिक विकास योजना कार्यान्वयनलाई क्रमश टोल विकास संस्था मार्फत् गर्न प्राथमिकता दिइनेछ ।

- गाउँपालिकामा हालसम्म गठन भएका टोल विकास संस्थाहरुलाई अद्यावधिक गरी आवश्यक पर्ने वडाका टोलमा थप संस्था गठन गरिनेछ ।

- टोल विकास संस्थाहरुको क्षमता विकास गर्न पदाधिकारीहरुका लागि बैठक व्यवस्थापन, नेतृत्व विकास र संस्था व्यवस्थापन लगायतका बिभिन्न तालिम प्रदान गरिनेछ । टोल विकास संस्थाहरु सहज रुपले सञ्चालन गर्न आवश्यक पर्ने न्युनतम भौतिक श्रोत उपलब्ध गराईनेछ ।

- टोल विकासमा आबद्ध जनसमुदायलाई खानेपानी व्यवस्थापन तथा सरसफाई, सार्वजनिक निर्माण कार्यमा समन्वय, सामाजिक सद्भभावना, घरेलु हिंसा बिरुद्धका सचेतना,

रन्जन कालाखेती
अध्यक्ष

महिला/बालबालिका/दलित/अपाङ्गता भएका व्यक्ति/जेष्ठ नागरिक लगायत समुहको हीतको प्रवर्द्धनमा सहभागिता तथा स्थानीय विकास निर्माणमा सहभागिता सहित प्रतिफलमा अपनत्व, आय आर्जन तथा जिविकोपार्जनका विविध आयाम आदिमा सहभागी हुने गरी परिचालन गरिनेछ ।

- टोल विकास संस्थाहरुको माग बमोजिम सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति अबलम्बन गरिनेछ ।

१.३ घरेलु तथा साना उद्योग,रोजगार र तालिम:

- स्थानीय सीपलाई आधुनिकीकरण र व्यवसायिकरण गर्न स्थानीय सीपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन, क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यहरु सञ्चालन गरिनेछ ।

- स्थानीय कच्चा पदार्थको प्रयोग हुने गरी झोला र दुनाटपरी जस्ता सामग्री बनाउने तालिम सञ्चालन गरिनेछ । त्यसरी उत्पादन हुने सामग्रीको बजार प्रबर्द्धनमा पालिकाले सहयोग पुर्याइनेछ ।

- गाउँ कार्यपालिकाको कार्यालयमा छुट्टै उद्योग शाखा व्यवस्था गरी व्यवसायिक परामर्श सेवा तथा व्यवसायिक योजना तयारी तालिम दिइनेछ ।

- कोशेली घर निर्माण तथा सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

- औधोगिक मेलाहरुमा स्टल व्यवस्थापनका लागि सहयोग पुर्याइनेछ ।

- श्रम मुलक घरेलु तथा साना उद्योगहरुको विकास गरी रोजगारी सिर्जनामा सहयोगको लागि गाउँपालिकाबाट तालिम र घुम्ती कोषको व्यवस्था गरिनेछ ।

- महिला उद्यमीहरुको पहिचान र विकासका लागि विभिन्न सीपमूलक तालिमका साथै बिउपूँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ । साथै उद्यमी समूह दर्ता र परिचालन गरिनेछ ।

- गाउँपालिकाभित्र रहेको बेरोजगार तर उद्यमी सोच भएका युवाहरुलाई लक्षित गरी गाउँपालिकाको उपयुक्त स्थानमा लागत साझेदारीमा गारमेन्ट उद्योग सञ्चालनमा ल्याइनेछ । गारमेन्ट, गलैंचा जस्ता रोजगारी सिर्जना हुने घरेलु उधमशिलतालाई प्रोत्साहन गरिनेछ ।

- प्रदेश सरकारको सहकार्यमा गाउँपालिकामा औद्योगिक ग्राम स्थापनाको आवश्यक समन्वय तथा सहकार्य अगाड बढाइनेछ ।



रन्जन कालाखेती

- बाध्यात्मक बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाई प्राप्त विप्रेषणको सही सदुपयोग तथा उत्पादन मूलक कार्यमा लगाउन प्रेरणा पुग्ने गरी सुरक्षित आप्रबासन कार्यक्रम मार्फत् रोजगारीमा गएका वा फर्केका व्यक्ति तथा परीवारका सदस्यलाई मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कक्षा कार्यान्वयन गरिनेछ ।

- सुरक्षित आप्रबासन (SAMI) कार्यक्रम अन्तरगत बित्तिय साक्षरता कक्षा तथा मनोसामाजिक बिमर्शमा सहभागी महिलाहरुलाई आय आर्जन कृयाकलापमा सहयोग गरी स्वदेशमै रोजगारी गर्ने तर्फ उन्मुख गराइनेछ ।

१.४ पर्यटन विकासः

- पर्यटकीय गुरुयोजना तयार भइसकेको क्षेत्रहरुमा क्रमशः प्राथमिकताका आधारमा संरचनाहरु बनाउन शुरु गरिनेछ ।

- रमौली, प्रतापुर, सुनाचुरी, मनहरी पिसपार्क, गोगनपानी भ्युटावर, भिमान सहिदपार्क, चेपाङ्ग कल्चर, वनकरिया होमस्टे, पिकनिक स्पोर्ट वडा नं. ४ मा गोही संरक्षण, वडा नं. ६ मोरङ्गे ताल/सुनादेबी मन्दिर, ऐतिहासिक मनकामना मन्दिर वडा नं ८ मा रानी पोखरी गढिडाँडा, शिखरबास पिकनिक स्पट वडा नं. ०५, पर्यटकिय क्षेत्र पहिचान र विकासका साथै वडा नं. १ मा ट्री हाउस, मोडर्न पार्क लगायत पर्यटकीय सम्भावनाका क्षेत्रलाई पर्यटन क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ । साथै वडा नं ७ को बुद्ध शान्ति पार्क, वडा नं ९ मोतीदेबी पिकनिक पार्क, कालिका झरना, वडा नं ७ देउराली सिमल मन्दिर समेतलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।

- विस्तृत परियोजना प्रतिवेदन तयार भएका देउकोट भ्युटावर, गोगनपानी भ्युटावर, भिमान शहिदपार्क, वनकरिया होमस्टे, ट्रि हाउस लागयतका पूर्वाधार निर्माण कार्यलाई आवश्यक पहल गरिनेछ ।

- विभिन्न जातजातिहरुको धर्म, संस्कृति, भाषा, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी गाउँक्षेत्रको ऐतिहासिक मौलिक परिचयलाई संस्थागत गर्न आवश्यक सहयोग गरिनेछ ।

- विभिन्न जंगली जीवजन्तु अवलोकन गर्न उपयुक्त हुने वडा नं ५ मा रहेको शिखरबास पिकनिक स्थललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न आवश्यक लगानीको लागि पहल गरिनेछ ।

- वडा नं ३ मा रहेको ऐतिहासिक सिद्धकाली मन्दिरको जिर्णउद्धार गरी तयार भएको डि.पि.आर. बमोजिमको संरचना निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

रत्नेन कालाखेती
अध्यक्ष

- पर्यटन क्षेत्रको दीर्घकालिन विकासको लागि कृषि, वन तथा समुदायमा आधारित पर्यटन प्रबर्द्धन गर्ने गरी मनहरी पर्यटन विकास कार्यबिधि बनाई लागू गरिनेछ । समस्त पर्यटन गुरुयोजना सहित पर्यटन प्रबर्द्धनात्मक योजना कार्यान्वयन गर्न रैथाने खाधान्न बालीको उत्पदान,पर्यटन विकास सम्बन्धी बिभिन्न प्रकारका अभिमुखिकरण कार्यक्रम,तालिम/कार्यशाला तथा गोष्ठीको आयोजना, स्थानीय पथ प्रदर्शक तालिम, स्थानीय खाध परिकारको खोज तथा प्रबर्द्धन गर्ने गतिबिधिहरु संचालन गरिनेछ । गैरलाभको पदमा नियुक्ति गर्ने गरी मनहरी एकीकृत पर्यटन विकास तथा प्रबर्द्धन समिति गठन र परिचालन गरिनेछ ।

- वडा नं ८ मा रहेको टासी फुन्छोक छोइलिङ गुम्बामा संघीय सरकार, प्रदेश सरकार तथा साझेदार संघ संस्थासँगको सम्वय, साझेदारी तथा सहयोगमा पर्यटक आकर्षण गर्ने गरी ठूलो बुद्धको मूर्ति स्थापना गरिनेछ ।

२. पूर्वाधार विकासः

२.१ सडक, भवन तथा यातायातः

- गाउँपालिकामा सञ्चालित च्यापल खोला पुल, ठाडो खोला पुल, मसिने खोला पुल, हाँडीखोला पुल, ट्वाङग्रा खोला पुल, गाउँपालिकाको प्रशासनिक भवन निर्माण, सीमसार क्षेत्रको निर्माण, ४ नं. वडा कार्यालय भवन निर्माण तथा कोल्ड स्टोर निर्माणलाई गाउँपालिका गौरवका आयोजनाका रुपमा सञ्चालन गरी छिटो सम्पन्न गर्न प्राथमिकताकासाथ बजेट विनियोजन गरिनेछ । हालसम्म निर्माण कार्य सन्तोषजनक ढंगले काम नभएको हाँडीखोला पुल निर्माणमा ठेकेदारलाई जिम्मेवार बनाई नियमानुसार निर्माण कार्यमा सिघ्रता ल्याईनेछ ।

- गाउँपालिका भित्रको महत्वपुर्ण सडकलाई कालोपत्रे तथा ढलान र भित्री सडकमा ग्राभेल गर्ने र अन्य नयाँ सडकको सम्भाव्यता अध्ययन गरी डि.पि.आर. तयार गरी निर्माण कार्यलाई अगाडी बढाइनेछ ।

- गाँउपालिका क्षेत्रमा प्राथामिकता प्राप्त आयोजनाका क्रमागत रुपमा सञ्चालन भइरहेका लामिटार-चकरी सडक ८ र ९ सीमा सडक, वडा नं. २, रमौली मानेडाँडा सडक स्तरीकरण लगायत सडक आयोजनाहरुलाई बजेट विनीयोजन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । पक्की बाटोले नछोएको सबै वडा कार्यालय पुग्ने सडकहरु पक्की रुपमा बनाउन आवश्यक पहल थालनी गरिनेछ ।

- सडक निर्माण गर्दा नाला निर्माणलाई अनिवार्य गरी हरित सडकको अवधारणालाई कार्यान्वयन गर्न सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने अन्य स्थानीय/ग्रामिण तथा कृषि सडक बाह्रै महिना सञ्चालन हुने गरी मर्मत संभार गरिनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

- रमौली १० मिटर सडकमा नाला निर्माणका लागि मर्मत तथा व्यवस्थापन आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

- संघीय सरकारकोसँगको सहकार्यमा पङ्थलि खोला- रूपचुरियाफेदी गोगनपानी स्कुल डाँडा, झोलुङ्गेपुल निर्माण गरिनेछ । साथै सम्बद्ध निकायसँगको समन्वयमा देउकोट-राक्सिराङ झोलुङ्गेपुलको अध्ययन गरी निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

- राप्ती नदीमाथि गाउँपालिकाको वडा नं. ९ र ५ तथा हेटौडा उपमहानगरपालिकाको वस्तीपुर तथा गाउँपालिकाको वडा नं. ३ जोड्ने पक्की पुल निर्माणको लागि प्रदेश सरकारबाट ठेक्का सम्झौता भइसकेको हुँदा निर्माण कार्यमा तिब्रता दिन आवश्यक समन्वय गरिनेछ ।

- जनलागत सहभागिताका निर्माण कार्यक्रम अन्तर्गत नगद सहभागितामा आधारित आयोजनाहरुमा प्राथमिकता दिई बजेट व्यवस्था गरिनेछ । वस्ती स्तरका सडकहरुमा स्ल्याव ढलान र कालोपत्रे गर्ने कार्यको लागी कम्तीमा ४० प्रतिशत नगद जनसहभागितामा जुटेमा प्राथमिकताका आधारमा समपुरक कोषबाट जुनसुकै समयमा लगानीको प्रत्याभूति गरिनेछ ।

- सडक पूर्वाधार निर्माण गर्दा गाउँपालिका केन्द्र एवम् वडा केन्द्र जोड्ने सडकहरुलाई पहिलो प्राथमिकता दिइनेछ। यस्ता सडकहरुमा पर्ने खोला, खोल्सी एवम् खहरेहरुमा प्राविधिकको सिफारिसको आधारमा कजवे, कलभर्ट, बक्स कलभर्ट एवम् पुल निर्माण कार्यलाई पूरा गर्दै लगिनेछ ।

- पूर्वी राप्ती किनार तटबन्धन क्रमागत योजनालाई प्रभावकारी बनाउन संघीय सरकार र प्रदेश सरकार समक्ष पहल गरिनेछ ।

- वडाभित्रका सडक निर्माण भएका तर ती सडकले ओगटेको जग्गा अझै पनि व्यक्तिको स्वामित्वमा रहेको हुँदा सबै सडकरुलाई कित्ताकाट गर्न आवश्यक पहल गरिनेछ । ग्रामिण सडक गुरुयोजनामा तोकिएको गाउँपालिकाभित्रका सबै सडकको क्षेत्राधिकारको मापदण्ड पुनरावलोकन गरिनेछ ।

- स्थानीय रुटमा सञ्चालन हुने तीनपाङ्ग्रे सवारी तथा शेयर राईडिङ्ग गर्न चाहने निजी मोटरसाइकल वा अन्य बाहनहरुलाई प्रदेश सरकार वा सम्बद्ध निकायसँग अनुमतिको लागि आवश्यक पहल गरिनेछ ।

कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानपुर
बागमती प्रदेश, नेपाल

- अटो/मयुरी जस्ता तिनपाङ्गे सवारीको संचालनलाई व्यवस्थित बनाइनुका साथै उक्त साधनहरुको सेवाको सुनिश्चितता गर्दै भाडादर निर्धारणमा आवश्यक सहजीकरण गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र स्थायी बस पार्कको अभावमा हुने गरेको जथाभावी पार्किङ रोक्न र सवारी साधन निर्धारित स्थानमा मात्र राख्ने गरी वडा नं.८ मा आधुनिक गाउपालिका स्तरको बसपार्क निर्माणको लागि पहल गरिनेछ ।

- गाउँपालिकाभित्रका सडक सञ्जालको अवस्था झल्कने गरि सडक सञ्जाल विवरण अधाबधिक गरिनेछ ।

२.२ सिंचाईः

- कृषि पकेट क्षेत्रहरुको पहिचान गरी जनसहभागितामा आधारित सिंचाई कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ । खास गरी तरकारी बालि उत्पादन हुने क्षेत्रमा भौगोलिग बनावट हेरेर सिंचाई कार्यक्रम तर्जुमा गरिनेछ ।

- संघ, प्रदेश तथा स्थानीय तहको सहलगानीमा सञ्चालन हुने बृहत सिंचाई आयोजनाका साथै गाउँपालिका स्तरबाट सञ्चालन हुने साना सिंचाई कार्यक्रमलाई समेत प्राथामिकतामा राखिनेछ ।

- निर्माणाधिन सिंचाई आयोजनालाई प्राथामिकता दिईनुका साथै पूरा भईसकेका योजनाहरुको मर्मत सम्भार कार्य गर्दै पारदर्शी बनाउनको लागि उपभोक्ता समितिलाई तालिमद्वारा सक्षम बनाईनेछ ।

- रमौली सिंचाइमा आयोजनामा शाखा कुलो बिस्तारमा प्राथमिकता दिइनेछ ।

- डिप बोरिङ्ग समेत गर्न नसकिने सुख्खा क्षेत्रमा प्लाष्टिक पोखरी निर्माण गरी लघु सिंचाइको लागि आवश्यक व्यवस्था गरिनेछ ।

- आगामी दिनमा गाउँपालिकाका सबै कृषि पकेट क्षेत्रमा सिंचाई उपलब्ध गराउन सम्भाब्यता अध्ययन गरिनेछ ।

२.३ विद्युतिकरण एवम् वैकल्पिक उर्जाः

- नेपाल विद्युत् प्राधिकरणद्धारा गाउँपालिका क्षेत्रमा वितरित विद्युत् सेवाको गुणस्तर सुधारको लागि प्राधिकरणसँगको सहकार्यमा तार, ट्रान्सफर्मर, विद्युत पोल लगायत सामग्रीको व्यवस्थापनबाट विद्युत् आपुर्ति नियमित बनाइनेछ । लिफ्ट प्रविधिका खानेपानी सिंचाइ जस्ता आयोजनालाई सोलार विद्युत् जडानमा प्राथमिकता दिइनेछ ।



रञ्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नीति तथा कार्यक्रम, २०८०/०८१

- राजमार्गमा बढ्दो संख्यामा रहेको विद्युतीय सवारी साधन तथा प्रदुषण रहित विद्युतीय साधनलाई प्रोत्साहन गर्न संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा राजमार्ग क्षेत्रमा विद्युतिय सवारी साधनहरुको चार्जिङ स्टेशन निर्माण गर्ने नीति लिईनेछ ।

- गाउँपालिकाका मुख्य मुख्य पार्क तथा सार्वजनिक स्थलहरु तथा मानिस आवत जावत गर्ने वडा तथा टोल विकास संस्थाको माग अनुसार सडकमा संघीय सरकारसँगको सहकार्यमा सौर्य सडक बत्ति जडान गरिने छ ।

- विद्युत् सेवा नपुगेका टोल वस्तीहरुमा विद्युत् सेवाको पहुँच बृद्धि गर्नुका साथै सौर्य बत्ती वितरण मार्फत् जनताको कर जनताको घर, उज्यालो मनहरी शहर अभियान लाई निरन्तरता दिईनेछ ।
- विद्युत प्राधिकरण लगायतका सम्बद्ध निकायसँगको समन्वय र साझेदारीमा गाउँपालिकाभरि रहेको काठेपोलहरुको बिस्थापन गरिने छ ।
- घरभित्र खाना पकाउने ईन्धनको रुपमा प्रयोग भएको दाउराको खपत तथा धुवाँ घटाउन सुधारिएको चुलो बितरणमा सहुलियत प्रदान गरिनेछ ।

२.४ युवा, खेलकुद तथा अन्य खेलकुद पुर्वाधारः

- किशोर किशोरीको लागि संचालित परिवर्तनका सम्बाहक कक्षा (COC) अभियानलाई निरन्तरता दिई थप विद्यालयमा बिस्तार गरिनेछ ।

- युवाहरुलाई गाउँपालिकाको योजना तर्जुमादेखि कार्यान्वयन तहसम्म अर्थपूर्ण सहभागिताको सुनिश्चितता हुने संयन्त्रको विकास गरिनेछ ।

- युवा मैत्री गाउँपालिका बनाउने प्रयोजनको लागि योजना प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिम युवा लक्षित कृयाकलापहरु सञ्चालन गरिनेछ ।

- युवाहरुमा रहेको ज्ञान, सीप र सिर्जनशिलतालाई अधिकतम उपयोग गर्न उद्यमशीलतामा नविनतम सोंच कार्यान्वयन गर्न ईनकुवेशन सेन्टर सञ्चालन गर्ने र नवप्रबर्तन साझेदारी कोष खडा गरी सहुलियतपूर्ण लगानीको माध्ययमबाट स्वरोजगार बन्ने तर्फ उन्मुख गराइनेछ ।

- खेलकुद विकास कार्यविधि, २०७९ मा व्यवस्था भए बमोजिम गाउँपालिका स्तरीय खेलकुद विकास समितिलाई गठन गरी खेलकुदमा युवा सहभागिता तथा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका बिभिन्न खेलकुद प्रतियोगिताहरुमा समाबेश गरिने छ । गाउँपालिका स्तर लगायत अन्य जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन



रत्नेन्द्र कालाखेती
अध्यक्ष

गर्ने खेलाडीहरुलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ । खेलकुदका लागि विनियोजित बजेटबाट व्यायाम तथा खेल सामग्रीहरुको व्यवस्थापन र बिभिन्न खेलका स्थानीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

- अध्यक्ष कप फुटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ साथै उपाध्यक्ष कप भलिबल प्रतियोगिता शुरुवात गरिनेछ । मानविय शारीरिक स्वास्थ्यलाई विचार गरी खुला ब्यायामशालाको अभ्यास शुरु गरिनेछ ।

- नमुना युवा सांसदको अभ्यास लगायत नमुना छात्रा सांसदको अभ्यास जस्ता कार्यक्रम गरी युवा मैत्री गाउँपालिका बनाउने तर्फका कृयाकलापहरु सञ्चालन गरिनेछ । युवा जागरणका लागि युवा दिवस मनाउने लगायतका कृयाकलाप सञ्चालन गरिनेछ ।

## २.५ बस्ती तथा सहरी विकास:

- भवन निर्माण ईजाजत सम्बन्धी नीति कानून तथा मापदण्ड कडाइका साथ लागू गरिनुको साथै निर्माण सम्बन्धी मापदण्ड लागूहुनु पूर्व निर्माण भएका भवनहरुको अभिलेखिकरणलाई प्राथमिकता दिइनेछ । भवन संहिता पालना गर्दै व्यवस्थित र जोखिम रहित वस्ती विकासमा जोड दिइनेछ । गाउँपालिकाको श्रोतबाट निर्माण हुने सार्वजनिक सामुदायिक भवनहरु निर्माण गर्दा भवन निर्माण सम्बन्धी मापदण्डलाई पालना गर्ने व्यवस्था गरिनेछ ।

- गाउँपालिकाभित्रका प्राचिन स्मारक ऐतिहासिक पूरातात्विक महत्वका भवन साँस्कृतिक, धार्मिक, संग्रहालय भवन तथा अन्य सार्वजनिक सभागृह सामुदायिक भवनको संरक्षणको व्यवस्था गरिनेछ । विद्यालय भवन तथा संरचनाको निर्माणको लागि साझेदारसँगको सहलगानीलाई प्राथमिकता दिइनेछ ।

- सेवा प्रवाहका लागि आवश्यक विभिन्न तत्वमध्ये कार्यालय भवनको अत्यन्त महत्वपूर्ण स्थान रहेको छ । गाउँपालिकाको आफ्नै प्रशासकीय भवन संघीय सरकारसमेतको लागत साझेदारीमा निर्माण गरिनेछ भने निर्माण हुन बाँकी ४ नं. वडा कार्यालय भवन यसै आर्थिक बर्षमा निर्माण सम्पन्न गरिनेछ ।

- जीर्ण अवस्थामा रहेको वडा ३ नं. वडा कार्यालय भवन समेतको निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

- राष्ट्रिय भूमि आयोगको समन्वनय र सहजीकरणमा यसै बर्ष गाउँपालिका भरका ६९३ भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई कानून बमोजिम निशुल्कः जग्गा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ । भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गर्दा सकेसम्म सम्वन्धित वडाको आवादी लायक जग्गालाई प्राथमिकीकरण गरिनेछ । जग्गा



अर्जुन कालाखेती
अध्यक्ष

नापजाँचको लागि गाउँपालिकाको तर्फबाट समेत प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

- अव्यवस्थित बसोबासीको ७७२४ आबेदनहरुलाई यसै बर्ष अनलाईन प्रविष्टि गरी आयोगले तोके बमोजिमको निस्सा वितरण गरिनेछ । व्यक्तिले आमोद कमोद गर्दै आएको जग्गा समेत नापजाँच गरी सो को जग्गा धनी पूर्जा उपलब्ध गराउन सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ । यसै बर्षबाट नगर विकास कोषको कार्यक्षेत्र गाउँपालिकामा समेत बिस्तार भएकोले नगर विकास कोषको प्राविधिक आर्थिक सहयोगमा गाउँपालिकाको सम्भाब्य स्थानमा एकीकृत बस्ती विकास तथा सिमसार क्षेत्र निर्माण तथा गाउँपालिकाको आय आर्जन बढाई दिगो रुपमा गाउँपालिकाको राजस्व बढ्ने क्षेत्रमा लगानीको लागि आवश्यक सहकार्य गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र संघीय भू उपयोग ऐन, भूउपयोग नियमावली भू-उपयोग नीति तथा स्थानीय सरकार सञ्चालन ऐनले तोकेको सीमाभित्र रही भू उपयोग नीति योजना कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

- नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी हकलाई र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका नागरिकसम्म पुर्याउन संघीय सरकारसँगको सहकार्यमा कम्तीमा ३५० वटा घरमा रहेका खरका छानो विस्थापन जस्ताको छानो हाल्ने गरी सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक, पर्ती तथा सरकारी जग्गाहरुमा रहेको अतिक्रमणलाई निरुत्साहित गर्न तथा त्यस्ता जग्गाहरु गाउँपालिकाको मातहतमा ल्याउने प्रक्रिया अघि बढाउन तथा सार्वजनिक, पर्ति र सरकारी जग्गाको संरक्षण गर्ने व्यवस्थाका लागि उक्त कार्यको कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । सार्वजनिक संस्थाहरु बनेको पर्ती जग्गालाई नापजाँच गरी सोही संस्थाको अपनत्व हुने अवस्था सिर्जनाको लागि आवश्यक पहल गरिनेछ ।

- गाउँपालिकामा रहेका आदिवासी, जनजाति, अल्पसंख्यक जातजातिहरुको पहिचान, संस्कृति र मूल्य मान्यता संरक्षण गर्न नमुना घर सम्बन्धी कार्यविधि निर्माण गरी नमुना सांस्कृतिक घर कार्यक्रम सञ्चालनको पहल गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र रहेका हाइटेन्सन लाईन मुनि रहेका प्रयोग विहिन जग्गाहरुको उचित प्रयोगको लागि व्यवसायीक जडिबुटी, कागती खेती, अदुवा, बेसार खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।



रञ्जन कालाखेती
अध्यक्ष

- बाढी पहिरो तथा भारी बर्षात्का कारण बढ्ने नदी तथा खहरे खोला, खोल्सीबाट तथा नजिकमा रहेका बस्ती बचाउन र नियन्त्रण गर्नको लागी तटबन्धन गर्नको संघीय सरकार तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

- प्रत्येक वडामा रहेका सार्वजनिक संस्था क्लब, मठ मन्दिर, गुम्बा, चर्च, ढुंगेधारा, सामुदायिक वन, विद्यालय तथा सिँचाइ आयोजनाहरुलाई अनिवार्य रुपमा सुचिकृत गर्ने गरिनेछ ।

**२.६ अनुगमन तथा सुपरीवेक्षण, उपभोक्ता समिति र तथ्याङ्क व्यवस्थापन:**

- उपभोक्ता समितिबाट कार्यान्वनय हुने सम्पूर्ण योजनाको अधिकार उपभोक्ता समितिलाई उत्तरदायीत्व बोध हुन गरी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा उपभोक्ताको सकृय सहभागिता सुनिश्चित गरिनेछ ।

- ठूला उपभोक्ता समितिलाई कामको मध्याबधि मुल्याङ्कन गरी किस्ता रकम भुक्तानी दिने व्यवस्था मिलाईनेछ ।

- योजना शाखा मार्फत् उपभोक्ता समिति परिचालन गरी कार्यान्वयन गरिने र पूर्वाधार शाखाबाट ठेक्का मार्फत् कार्यान्वयन गरिने योजनाहरु कार्ययोजना बनाई समय तालिका अनुसार समयमानै सम्पन्न हुने सुनिश्चतता सहित योजना सञ्चालन गरिनेछ ।

- उपभोक्ता समितिमा योजना सञ्चालन सम्बन्धमा रहेको द्विधालाई हटाउन, आवश्यक कागजात एवम् प्रकृया पूरा गर्ने लगायतका योजना सञ्चालनका सन्दर्भमा आइपर्ने समस्या समाधान हुने गरी उपभोक्ता समितिका पदाधिकारहरुको लागि योजना सञ्चालन सम्बन्धी अभिमुखिकरण गरेर मात्र योजना कार्यान्वयनको कार्य अगाडी बढाइनछ ।

- उपभोक्ता समितिबाट गरिने श्रम मूलक सार्वजनिक निर्माणमा उपभोक्ता समितिको श्रमदान लगांयत योगदानलाई बस्तुपरक र यथार्थ बनाउने प्रयास गरिनेछ ।

- उपभोक्ता तथा ठेक्का मार्फत् संचालित आयोजनाहरुको प्रगति तथा प्रतिफलको समीक्षा गरिने र आगामी दिनमा गर्नु पर्ने सुधारात्मक कार्यको लागि पृष्टपोषण लिन कार्यपालिका सदस्यहरु माझ अन्तरकृया कार्यक्रम गरिनेछ ।

- अनुगमन प्रणालीलाई छिटो छरितो तथा वस्तुनिष्ठ बनाउन अनुगमन तथा सुपरिवेक्षण समितिलाई साधन स्रोतको कमि हुन दिईने छैन ।

- गाउँपालिका क्षेत्रभित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System) को मर्म अनुसार अनुगमन र मूल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।



रञ्जन कालाखेती
अध्यक्ष

- विगमा झैं गाउँपालिकाबाट संचालित सबै योजनाहरुको सम्बद्ध अनुगमन समितिबाट अनुगमन पश्चात मात्र भुक्तानी दिईने व्यवस्था मिलाईनेछ । साथै गाउँपालिकामा हुने प्रवद्धनात्मक कार्यक्रमहरुको अनुगमन समितीले अनुगमन गरेपछि मात्र भुक्तानीको व्यवस्था मिलाईनेछ ।

- गाउँपालिका क्षेत्रभित्र अन्य निकायहरुबाट संचालित आयोजना तथा कार्यक्रमको पनि अनुगमन तथा सुपरिवेक्षण समितिबाट गरिनेछ ।

- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२.७ तथ्याङ्क व्यवस्थापनः

- गाउँपालिकाको समग्र प्रगति समेटिएको बिधुतिय बस्तुगत विवरण(Digital Profile) तयार गरी सार्वजनिक गरिनेछ ।

- गाउँपालिकाको आधारभूत तथ्याङ्कहरुलाई राष्ट्रिय योजना आयोगको National Data Profile मा प्रबिष्टि गर्ने व्यवस्था गरी अधाबधिक गरिनेछ ।

- गाउँपालिका स्तरीय आधारभुत तथ्याङ्क संकलन, जनस्वास्थ्य सम्बन्धी सूचना प्रणाली (HMIS),पंजिकरण तथा सामाजिक सुरक्षा भत्ता सूचना प्रणाली (MIS),शिक्षा सम्बन्धी सूचना प्रणाली (EMIS), बेरोजगार व्यक्तिहरुको सूचना प्रणाली(PMEP) लगायत अन्य तथ्याङ्कीय गतिबिधिबाट प्राप्त हुने तथ्याङ्कहरु प्रयोगकर्तालाई आवश्यक पर्दा एकीकृत रुपले प्राप्त हुने व्यवस्था गर्न गाउँपालिका स्तरीय तथ्याङ्क ईकाइको व्यवस्थित गरिनेछ ।

३. वन वातावरण तथा विपद् व्यस्थापन

३.१ वन, वनस्पति, भू संरक्षण र वातावरणः

- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न सम्बन्धित निकायहरुको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

- स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गरी मध्यवर्ति क्षेत्र व्यवस्थापन समितिलाई राष्ट्रिय निकुञ्ज र स्थानीय सरकारबीच समन्वय गर्ने संयत्रको रुपमा परिचालन गरिनेछ ।

- वन, वातावरण र जैविक विविधतालाई संरक्षण तथा कृषकहरुलाई प्रोत्साहन गर्न चिराईतो, अमृसो, कुरिलो जस्ता गुणकारी वनस्पतिको नर्सरी स्थापना गरी किसानहरुलाई प्रोत्साहित गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

राजेन्द्र फालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रैबैया, मकवानपुर
बागमती प्रदेश, नेपाल

३.२ विपद् व्यवस्थापन, जलाधार क्षेत्र संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुमा जनताको पहुँचलाई सुनिश्चित गरिनेछ । विपद् जोखिम क्षेत्रको पहिचान गरी उक्त क्षेत्रमा जोखिम कम गर्ने नीति अबलम्बन गरिनेछ ।

- सार्वजनिक निर्माणका कार्यक्रम सञ्चालन गर्दा कानून बमोजिम अनिबार्य गर्नुपर्ने भनिएका आयोजनाहरुको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र आयोजना कार्यान्वयन गरिनेछ । साथै जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न टोल विकास संस्थाहरु मार्फत् चेतना अभिबृद्धि गर्ने कार्य गरिनेछ ।

- गाउँपालिका स्तरका हरेक भौतिक संरचनागत आयोजना सञ्चालन गर्दा वातावरण मैत्री बनाई गाउँपालिकामा वातावरण मैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयन तहमा उतार्ने प्रयास गरिनेछ ।

- खानेपानी तथा लघु सिँचाइको रुपमा उपयोग गर्न मिल्ने पानीको साना श्रोतः कुवा तथा मुहान संरक्षण मर्मत गरिनेछ । सोको मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

- माथिल्लो भेगका खोल्सीहरुमा रहेको जलाधार दीगो बनाउन बृक्षारोपण लगायत प्रदुषण रहित बनाइनेछ ।

- सुन्दर र सफा मनहरीको परिकल्पना साकार पार्न हाल केही वडाका क्षेत्रमा मात्र सञ्चालन भएको फोहोर सङ्कलन कार्य सबै बडाहरुमा बिस्तार गर्ने, फोहोर मैलाको उचित व्यवस्थापन गर्न ल्याण्ड फिल्ड साइट निर्माण गर्ने तथा फोहोर मैला व्यवस्थापनको कार्यलाई अझ व्यवस्थित बनाउन गठित समितिको प्रतिवेदन बमोजिमका कार्य अगाडी बढाइनेछ । गाउँपालिका क्षेत्रबाट निस्कने फोहोरहरुलाई विविधिकरण गरी व्यवस्थापन गर्ने प्रवन्ध मिलाईनेछ ।

- राजमार्गका आवश्यक स्थानमा प्रदेश सरकारको सहयोगमा थप सार्वजनिक शौचालय एवम् रिफ्रेस सेन्टर बनाउने तथा त्यस्ता सार्वजनिक शौचालयको सञ्चालन सार्वजनिक निजी अवधारणामा गरिनेछ ।

- विपद् व्यवस्थापनसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयमा प्रभावकारी विपद् व्यवस्थापनको लागि कार्ययोजना बनाई लागू गरिनेछ । सरोकारवालाहरुसँग सहकार्य गरी चुरे संरक्षणमा ध्यान दिईनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

- जोखिमयुक्त स्थानमा रहेका एवम् जंगल सिमाना जोडिएका संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पीडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुनरस्थापनाको लागि पहल गरिनेछ ।

- विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका बमोजिम विपद्बाट प्रभावित परिवारलाई राहत तथा उद्दार कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ । विपद् व्यवस्थापन कोषमा रहने रकम यस आ.ब.को सुरु मौज्दातबाट बर्षभरीनै ३० प्रतिशत भन्दा नघट्ने गरी निरन्तर सोधभर्ना हुने व्यवस्था मिलाईनेछ ।

- चालू आर्थिक बर्षमा चटयाङको कारण जोखिम युक्त स्थानको रुपमा रहेका मसिने, ट्वाङ्ग्रा लगायतको स्थानमा अर्थिङ्ग जडान सम्पन्न भएको र यसको प्रभावकारीतालाई मध्येनजर गरी थप जोखिम क्षेत्रमा विस्तार गरिनेछ ।

- विपद् व्यवस्थापनमा प्रयोग हुने एम्बुलेन्स लगायतका सवारी साधनहरु परिचालनको लागि निर्देशिका बमोजिम पालिकाको विपद् व्यवस्थापन शाखा मातहतमा रहने गरी सञ्चालनको प्रबन्ध मिलाईनेछ, साथै यस्ता सवारी साधनहरुको सम्पर्क नंम्बर सार्वजनिक स्थानमा सबैले देख्ने गरी टाँस्ने व्यवस्था मिलाईनेछ ।

- गाउँपालिका भरका जनतालाई स्वच्छ पिउने पानीको व्यवस्थापनको लागि मनसुनजन्य समय र आवश्यक परेको समयमा पिउने पानीका निशुल्क गुणस्तर जाँचको प्रवन्ध मिलाईनेछ ।

- विपद् व्यवस्थापनमा संघ, प्रदेश ,स्थानीय समुदाय, रेडक्रस जस्ता संघसस्था र निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गरी विपद् न्यूनिकरण, जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तिको पहिचान र स्थान्तरण गर्ने प्रवन्ध मिलाईनेछ ।

- विपद् पुर्व तयारी तथा व्यवस्थापनको लागि खोज तथा उद्धार राहत सामग्रीहरुको पूर्व भण्डारण वितरणको लागि जोखिममा पर्नसक्ने १०० परिवारको अस्थायी आवास सहितको राहत सामग्री तयारी अवस्थामा राख्ने व्यवस्था गरिनेछ । विपद्मा परेकाहरुको खोज तथा उद्धार कार्यलाई सहज बनाउन नेपाल रेडक्रस सोसाइटीले तयार गर्न लागेको प्रशिक्षित जनशक्ति सहितको सञ्जाललाई उचित सहयोग गरिनेछ ।

- गाउँपालिकाका अधिकाशं भू-भाग पर्सा तथा चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको र सो क्षेत्रमा रहेका जंगली जनावर जगंलबाट बाहिर निस्केर मानव तथा मानव वस्तीमा आक्रमण गर्ने गरेको, कृषकको बालीनाली, पालिएका गाइवस्तु लगायतलाई नोक्सान पुर्याउने गरेको हुँदा सो को न्यूनीकरण तथा भएको क्षतिको क्षतिपूर्तिको लागि सम्बद्ध निकायसँग समन्वय र सहकार्य गरिनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

- बिधालयमा गठन हुने जुनियर रेडक्रसमा आवद्ध बिधार्थिलाई तालिम दिन सहयोग गरिनेछ ।

- बन्य जन्तु तथा बाढी जन्य विपद् जोखिम न्युनिकरण सम्बन्धमा पूर्व सूचना प्रणाली जडान तथा सञ्चालनको सम्भावना अध्ययन गरिनेछ ।

- वन डढेलो नियन्त्रणको लागि अग्नी रेखा तथा नियन्त्रण दस्ता निर्माण गरी तालिम दिइनेछ ।

- वडा नं ३ को लामिटारमा स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको स्थापना र सञ्चालन गरिनेछ ।

- विपद् पश्चात तत्कालिन सुरक्षित व्यवस्थापनको लागि साबिक हाँडीखोला क्षेत्रको २ स्थानमा र मनहरी क्षेत्रको २ स्थान छनौट गर्न सम्भाब्यता अध्ययन गरिनेछ ।

४. सामाजिक विकासः

४.१ शिक्षा तर्फः

- शिक्षा क्षेत्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको पेशागत र व्यक्तिगत क्षमता अभिवृद्धि, पुरस्कार साथै प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

- विद्यालयको शैक्षिक, व्यवस्थापकीय क्षेत्रमा परिवर्तन तथा गुणात्मक सुधार गर्न शिक्षा समितिले तोकेको मापदण्डको आधारमा प्रतिस्प्रधात्मक विधिद्वारा प्रधानाध्यापकहरु छनौट तथा नियुक्ति गरी कार्यसम्पादन करार सम्झौता गरिनेछ । साथै शिक्षकहरुलाई समेत प्रधानाध्यापकसँग करार सम्झौता गर्ने व्यवस्था मिलाईनेछ । यसरी करार सम्झौता गरिएका शिक्षक तथा प्रधानाध्यापकलाई तोकिएको दरमा प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

- विद्यालयमा शिक्षकको नियमित उपस्थिति, र पूरा समय कक्षामा पठन-पाठन भएको सुनिश्चित गर्न सबै सामुदायिक विद्यालयमा इ-हाजिरी र सि.सि. क्यमेरा जडान गर्दै लगिनेछ ।

- अनिवार्य आधारभूत शिक्षामा पहूँच विस्तार गरि गुणस्तरिय शिक्षा प्रदान गर्न गाउँपालिकाभित्र बसोबास गर्ने गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकाहरुको छनौट गरी विपन्न बालबालिका गरिबसँग विश्वेश्वर शैक्षिक सहायता कार्यक्रमसँग आवद्ध गराइनेछ । सहीद, बेपत्ता, घाइते, अपाङ्ग परिवारका विध्यार्थीलाई समेत यस कार्यक्रममा आवद्ध गराई यस कार्यक्रमबाट सहयोग उपलब्ध गराइनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

- गुणस्तरिय शिक्षक मार्फत् गुणंस्तरीय शिक्षा उपलब्ध गराउन योग्य शिक्षकलाई मात्र शिक्षण पेशामा प्रवेश गर्ने अवसर प्रदान गर्न सवै प्रकारका शिक्षकहरुलाई प्रचलित शिक्षा नियमावली अनुसार शिक्षक छनौट गरी शिक्षण पेशामा प्रवेश गर्ने व्यवस्था मिलाईनेछ ।

- मनहरी गाउँपालिका भित्र सञ्चालनमा रहेका प्राविधिक तथा सीपमूलक शिक्षा प्रदान गर्ने विद्यालयहरुलाई विशेष प्रोत्साहन अनुदान तथा विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

- विद्यार्थीको संख्या अनुसार शिक्षक अपुग भएका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन अनुदान प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुदायिक विद्यालयहरुको शैक्षिक नतिजा तथा व्यवस्थापकिय सक्षमताको आधारमा विशेष प्रोत्साहन अनुदान दिने व्यवस्था मिलाईनेछ ।

- एक शिक्षक एक ल्यापटप कार्यक्रमको सुरुवात गरिनेछ साथै सामुदायिक विद्यालयहरुमा सूचना तथा प्रविधिको पहूँच विस्तार गर्दै लगिनेछ । शिक्षण बिधिलाई समयानुकुल आधुनिकीकरण गर्न स्मार्ट बोर्डबाट पठन-पाठन गराउने कार्यमा बिधालयहरुलाई यथासम्भव सहयोग गरिनेछ ।

- विगतमा जस्तै विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरुको लागि क्षमता अभिवृद्धि/सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालय ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहन गर्न पढदै कमाउदै, कार्यक्रमलाई सम्भाव्यता अध्ययन र विद्यालयको प्रस्ताव सहितको मागको आधारमा सञ्चालन गरिनेछ ।

- शिक्षक तथा विद्यार्थीहरुको क्षमता मापन तथा गुणस्तरिय सिकाइको सुनिस्चितताको लागि कक्षा ८ र ५ मा वाह्य मूल्याङ्कन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- विद्यालयहरुको कार्यसम्पादन क्षमताको आधारमा भौतिक साथै शैक्षिक पुर्वाधार सुदृढीकरण गर्न अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- शिक्षिकाहरु प्रसुति विदामा वसेको समयमा पठन-पाठनलाई निरन्तरता दिई शैक्षिक क्षतिलाई न्युनिकरण गर्न विद्यालयहरुलाई प्रदान गरिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

- सेवा अवधि २० बर्ष र उमेर ५५ बर्ष भन्दा माथी भएका स्थायी शिक्षकहरु तथा बिधालय कर्मचारीहरु सेवाबाट निवृत्त हुन चाहने शिक्षकहरुलाई प्रोत्साहन रकम सहित विदाइ गरिनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

- सामुदायिक विद्यालयमा दरबन्दी अभावलाई कम गर्न नजिकका विद्यालय मर्ज गर्ने तथा कक्षा कटाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

- नेपाल स्काउटको गतिविधिलाई प्रोत्साहन गर्दै युवा तथा विद्यार्थीहरुमा आचरण, अनुशासन, देश प्रेम, स्वावलम्बन र सहयोगको भावना विकास गर्दै लगिनेछ ।

- सबै सामुदायिक विद्यालयका शिक्षकहरुको परिचय पत्रमा एकरुपता ल्याउन सबै शिक्षकलाई गाउँपालिकाद्वारा नै परिचयपत्र व्यवस्थापन गरिनेछ ।

- भ्रमणले मानिसमा रहेको ज्ञानको दायरा अभिबृद्धि गर्ने हुँदा शिक्षकहरुलाई अध्ययन अबलोकन भ्रमणको अबसर प्रदान गरिनेछ ।

- गाउँपालिकाभरका शिक्षकहरुको मापदण्ड बनाई आवश्यकता बमोजिम एक अर्को बिधालयमा सरुवा गर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

- स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकलाई निरन्तरता दिइ लागु गरिनेछ ।

४.२ स्वास्थ्य तर्फः

- जेष्ठ नागरिक तथा असहाय बर्गको स्वास्थ्य अबस्था जाँच तथा उपचारको लागि घर दैलो स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको मनोबल बढाउन हाल कार्यान्वयनमा रहेको अवकाश पश्चात दिईने सुबिधा निरन्तर गरिनेछ । साथै सेवारत महिला स्वास्थ्य स्वयंसेविकालाई संचार खर्च उपलब्ध गराइनेछ ।

- स्वास्थ्य संस्था तथा ईकाइहरुको भौतिक सुबिधा व्यबस्थित बनाई, स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ बनाउने तथा निःशुल्क वितरण गरिने ओषधि र औजार उपकरणको उपलब्धता नियमित गरिनेछ ।

- शत प्रतिशत आमाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी (Zero home Delivery)गराई पुर्ण संस्थागत सुत्केरी भएको गाउँपालिका निर्माण गर्न कार्यक्रम ल्याइनेछ । गाउँपालिका भित्रकै स्वास्थ्य संस्थामा सुत्केरी हुन जाँदा निःशुल्क एम्बुलेन्सको सुबिधा उपलब्ध गराईनेछ । गाउँपालिका भित्रका स्वास्थ्य संस्थाबाट अन्यत्र रेफर भएकोमा समेत सो सुबिधा निशुल्कः प्रदान गरिनेछ ।

- आमा समुहलाई सुदृढिकरण गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरी स्वास्थ्य शिक्षा प्रबर्द्धन गर्न स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविका दुबै परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

- गर्भवती महिलाहरुले गर्नुपर्ने अनिवार्य जाँच गराउन स्वास्थ्य संस्थामा आउँदा र सुत्केरी सेवा लिंदा पोषण कार्यक्रम तथा क्याल्सियमबाट प्रोत्साहित गरिनेछ ।

- गर्भवती महिलाहरुको आधारभुत जाँच तथा भिडियो एक्सरे सेवा निशुल्क गरिनेछ ।

- गाउँपालिकाको अति बिकट वडा नं ६ को रुपाचुरी बालभञ्याङ क्षेत्रका गर्भवती महिलालाई स्वास्थ्य संस्थामा संस्थागत सुत्केरी हुन आउँदा थप प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

- उत्तर प्रसुति घर भेट सेवा कार्यक्रमलाई निरन्तर गरिनेछ । सुत्केरी भेटघाट कार्यक्रम अन्तरगत पोषण सामग्री सहित घरभेट कार्यक्रम आयोजना गरिनेछ ।

- बिवाहित महिलाहरुमा हुन सक्ने पाठेघरको मुखको क्यान्सर तथा यौन जन्य रोगहरुको समयमै पहिचान गरी उपचारमा ल्याउन स्क्रिनिङ क्याम्प तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

- पुर्ण खोपयुक्त गाउँपालिका सुनिश्चितता तथा दिगोपना कायम राख्न २ बर्ष मुनिका सबै बालबालिकालाई खोपको पहुंचमा ल्याउन गाउँघर क्लिनिक तथा खोप क्लिनिकलाई प्रभावकारी बनाइनेछ ।

- विगतमा झैं गरिबसँग विश्वेश्वर स्वास्थ्य बीमा कार्यक्रम मार्फत् बिपन्न घर परिवारको निःशुल्क स्वास्थ्य बीमा सेवा प्रदान गर्न प्रिमियम गाउँपालिकाको तर्फबाट भुक्तानी गर्ने व्यवस्था गरिनेछ । सहीद, घाइते तथा वेपत्ता परिवारलाई समेत यस कार्यक्रमबाट लाभ प्राप्त गर्ने अवसर प्रदान गरिनेछ ।

- १५ शैयाको मनहरी अस्पताल निर्माण कार्य सम्पन्न नहुँदासम्म अस्थायीं अस्पतालबाट सेवां प्रवाहलाई निरन्तरता दिईनेछ । साथै मनहरी अस्पतालमा अन्तरङ्ग सेवा सञ्चालनमा ल्याइनेछ, जसको लागि आवश्यक भौतिक पुर्वाधार तथा जनशक्ति व्यवस्थापन गरिनेछ । मनहरी अस्पतालमा फिजियोथेरापी सेवा समेत संचालनमा ल्याईनेछ ।

- मनहरी अस्पतालमा ओ.पि.डि.सेवा बिस्तारलाई निरन्तरता दिई सुबिधामा बढोत्तरी गरिनेछ ।

- हाँडिखोला स्वास्थ्य चौकीबाट सञ्चालनमा रहेको गर्भवती महिलाहरुको लागि निःशुल्क भिडियो एक्सरे सेवा निरन्तर गरी मनहरी अस्पतालबाट पनि उक्त सेवा सञ्चालनमा ल्याइनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

- प्रदेश सरकारको पहलमा स्थापना भएको मनहरी ९ मा स्थापित नागरिक आरोग्य केन्द्रलाई थप व्यबस्थित गरिने छ ।

- गाउँपालिका क्षेत्रमा मानबिय स्वास्थ्यलाई हानी पुर्याउने गुट्खा, पानपराग जस्ता पदार्थको बिक्री बितरणमा प्रतिबन्ध लगाइनेछ ।

- गाउँपालिकाभित्र मोतिया बिन्दु भएका नागरिक फेला परेमा निजहरुको मोतिबिन्दुको निःशुल्क शल्यकृया हुने व्यवस्था मिलाईनेछ । मनहरी ७ मा स्थापित आँखा अस्पतालाई भौतिक पूर्वाधार सहित थप सुदृढ बनाई बिषेशज्ञ सेवाको पहुँच अभिबृद्धि गरिनेछ । आँखा अस्पताको सेवालाई साबिक हाँडीखोला क्षेत्रमा समेत मासिक २ पटकसम्म सञ्चालन हुने गरी बिस्तार गरिने छ ।

- रेडक्रससँगको सहकार्यमा ब्लड बैंक सञ्चालनमा सहयोग र रगत आवश्यक पर्ने नागरिकहरुलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ । आवश्यकता अनुसार रक्तदान शिविर सञ्चालन गरिनेछ । मनहरी अस्पताल र रेडक्रससँगको सहकार्यमा एक रक्त संचार केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

- आवश्यक देखिएको वडाका टोलमा बिभिन्न रोगका (सर्ने/नसर्ने) निदान तथा परामर्श स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

- सूचना प्रबिधिको माध्यमबाट स्वास्थ्य सेवा पाउने नागरिक र सेवाका सूचनाहरु अद्यावधिक गरिनेछ ।

- मानविय स्वास्थ्य तर्फ भैपरी आउने विपद् व्यवस्थापन र महामारीजन्य रोग रोकथाम तथा नियन्त्रण गर्न द्रुत प्रतिकार्य टोलि गठन गरिनेछ ।

- कडा रोग लागेका गरिव तथा अतिबिपन्न तथा पूर्ण अशक्त असहाय परिवारको बिरामीलाई विशेषज्ञ अस्पतालसम्म पुर्याउनको लागि एम्बुलेन्स सेवामा ५० प्रतिशत छुट गरिनेछ ।

- हाँडिखोला स्वास्थ्य चौकी लगाएत आधारभुत स्वास्थ्य केन्द्रहरुलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

- वालअधिकार सुनिश्चित गर्न, गर्भवती महिलाको स्वास्थ्य अवस्थामा सुधार गर्न र मातृशिशु पोषण अभिबृद्धि तथा घरेलु शान्ति स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४.३ महिला तर्फः

जनप्रतिनिधि तथा विषयगत समितिका महिला पदाधिकारी अन्य नेतृत्व विकास
मता विकास सम्बन्धी तालिमको माध्ययमबाट सशक्तिकरण गरिनेछ ।



रञ्जन कालाखेती
अध्यक्ष

- दिगो विकासका लक्ष्य १५, औं आवधिक योजनाका तथा बेइजिङ घोषणाका धाराहरु सम्बन्धी मनहरी गाउँपालिकाका प्रत्येक जनप्रतिनिधिहरु र कर्मचारीहरु तथा विषयगत समितिका पदाधिकारीहरूलाई अभिमुखिकरण प्रदान गरिनेछ ।

- घरेलु हिंसा पीडित महिलाहरुलाई न्यायमा पहुँच दिलाई आवश्यकता बमोजिम पालिका भित्रकै सेफ हाउसमा आश्रय दिई सकेसम्म मेलमिलापको माध्यमबाट परिवारमा पुर्नःस्थापना गरिनेछ । यसका लागि मनहरी गाउँपालिकामा सञ्चालन भएका सेफ हाउसहरूलाई अनुदान रकम व्यवस्था गरिनेछ । साथै हिंसा पीडित महिलाहरुको लागि मागमा आधारित विभिन्न खालका सीपमुलक तालिम प्रदान गरी आत्मनिर्भर बनाउन सहयोग गरिनेछ ।

- महिलाहरुलाई उद्यमशीलता तालिम प्रदान गरी व्यवसायी बन्न प्रेरित गरिनेछ । बेचबिखनमा परेका, बहुबिबाहका कारण हेलत्वमा परेका, बिभिन्न खाले हिंसाको सिकार भई संरक्षणको आवश्यकता परेका महिलाहरुको लागि जिविकोपार्जन तथा आय आर्जन हुने कृयाकलापमा संलग्न गरिनेछ ।

- सुरक्षित आप्रबासन कार्यक्रमं अन्तरगत वित्तिय साक्षरता कक्षा र मनोसामाजिक परामर्श कक्षामा सहभागी महिलाहरुलाई लक्षित गरी स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- योजना कार्यक्रमहरुमा महिलाको कार्यबोझ घट्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

- हिन्दू महिलाहरुको महान पर्व हरितालिका तिजलाई महिला अधिकारको सचेतना जगाउने अवसरको रुपमा उपयोग गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिलाको अधिकार सुनिश्चित गर्न स्थापित विभिन्न राष्ट्रिय अन्त राष्ट्रिय दिवसहरुको अवसरमा वडा तथा गाउँपालिकास्तरमा विभिन्न दिवसिय कार्यक्रम सञ्चालन गरी मनाइनेछ ।

- महिलाका सवालका कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यकता अनुसार गाउँपालिका स्तरीय महिला समन्वय समितिको समन्वयमा गरिनेछ ।

- गत आ.व. मा सन्चालित आधारभुत तालिम प्राप्त गरेका प्रशिक्षार्थीहरुलाई एड्भान्स तालिमको अवसर प्रदान गरी महिला शसक्तिकरणका लागि पुँजि प्रविधि हस्तान्तरण मार्फत् महिलाहरुलाई व्यवसायी बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

रत्नमान कालाखेती
अध्यक्ष

- महिला हिंसा, घरेलु हिंसा, लैङ्गिक हिंसा लगायत बालिका माथि हुने यौनजन्य हिंसा विरुद्धका विभिन्न सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि पर्चा पम्प्लेट तथा स्टीकर समेत छपाइ गरी प्रचार प्रसार गरिनेछ ।

- महिलाको क्षेत्रमा कृयाशिल अगुवा महिलाहरुलाई नेतृत्व विकास तालिम तथा क्षमता अभिबृद्धी तालिम र अध्ययन अबलोकन भ्रमणको अबसर प्रदान गरिनेछ ।

- स्वच्छ महिनाबारी व्यवस्थापनका लागि गाउँपालिकाको पहलमा उधमी महिला समूह गठन गरी स्यानिटरी प्याड उत्पादन गर्ने मेशीन तथा तालिम प्रदान आवश्यक व्यवस्था गरिनेछ ।

४.४ बालबालिकाः

- नेपालकै पहिलो बालमैत्री घोषणा भएको गाउँपालिका भएको प्रतिष्ठालाई जोगाई राख्न बालबालिकाहरुलाई घोषणाका सुचक बमोजिमका न्यूनतम सेवा, सुबिधा र संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- बालबालिकाका सवाल कार्यान्वयन गर्न आ व २०७९।०८० मा गठन तथा पुनर्गठन भएका गाउँपालिका स्तरीय बाल सञ्जाल तथा वडा वडामा रहेका बाल क्लब र बालसञ्जालहरुलाई प्रोत्साहित गरी बालमैत्री स्थानीय शासन घोषणालाई जिवन्त, दिगो वनाउन र टिकाउन आवश्यकता अनुसार बालमैत्री सहजकर्ताहरुको व्यवस्थापन र परिचालन गरिने छ साथै बालक्लव तथा बालक्लव सञ्चालकहरुको क्षमताका विकास, एक्यवद्दता, दर्ता नविकरण तथा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम सञ्चालन गर्न वजेटको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाबाट जारी भएका बाल संरक्षण(अनुगमन, उद्धार, आपतकालीन सहयोग तथा पुनरस्थापना) कार्यविधि, २०७८ र बाल श्रम निबारण सम्बन्धी कार्ययोजना, २०७८, बालकोष सञ्चालन कार्यविधि लगायत बालबालिका सम्बन्धी कानूनहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- गाउँ बाल संरक्षण समिति, वडा बाल संरक्षण समिति लगायत बाल अधकारका लागि गठित समितिहरु, बालबालिकाको क्षेत्रमा कार्य गर्ने गैरसरकारी संस्थाहरु सबैको सकृयता बढाउने वातावरण सिर्जना गरिनेछ । बालबालिका सम्बन्धी ऐन बमोजिम बाल कल्याण अधिकारीको भूमिका व्यवस्थापन गरिनेछ ।

- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई बालबालिका बिरुद्धको हिंसा, बाल दुर्व्यबहार, बिद्युतिय माध्य्यमबाट हुने यौन शोषण, बाल मनोविज्ञान र मनोबिमर्श

सज्जन कालाखेती
अध्यक्ष

जस्ता विषयमा सचेतनामुलक तालिम तथा अवलोकन भ्रमण जस्ता कार्यक्रम गरिनेछ । प्रत्येक वडामा कम्तीमा एक बालमैत्री उद्यान बनाउन शुरु गरिनेछ ।

- बालसञ्जाल तथा बाल क्लबमा आबद्ध बालबालिकालाई क्षमता विकासका कार्यक्रम सचालन गरी उत्कृष्ट कार्य गर्ने बालक्लवलाई सम्मान गरिनेछ ।
- राष्टिय बाल दिवस भाद्र २९ अन्तराष्ट्रिय बाल दिवस नोभेम्बर २० अन्तराष्ट्रिय बालिका दिवस ११ अक्टोबर सामाजिक सुरक्षा ससाह २५ देखि २८ नोभेम्बरमा विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपालको कानून बमोजिम विद्यालय तथा सार्वजनिक कार्यालयको १०० मि. वरपर जाँडरक्सी, चुरोट, सुर्ती, खैनी बेचविखनमा प्रतिबन्ध लगाउने तथा १८ वर्ष भन्दा मुनिकालाई बिक्री वितरण नगर्न परिपत्र तथा जनचेतनात्मक कार्य सञ्चालन गरिनेछ ।
- बालबालिका, युवा, किशोर किशोरीको लागी लागुपदार्थ दुर्व्यसनी, अनलाईन सरक्षा, बालविवाह, हिसांमुक्त गाउँपालिका बनाउन विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- पालिका क्षेत्रमा कार्यान्वयन गरिने भौतिक सामाजिक क्रियाकलापमा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिइ संस्थागत रुपले बालबालिकाबाट उठाइएका सवाललाई कार्यान्वयन गर्न ध्यान दिइनेछ ।
- हिंसा, दुर्व्यवहार तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि परामर्श, उद्धार, संरक्षण, कानूनी सहायता जस्ता कार्यका लागि बाल हेल्पलाईन सेवा (१०९८) र बालबालिका खोजतलास केन्द्र (१०४) मा समन्वय गर्ने र अस्थायी संरक्षण तथा पुनःस्थापना केन्द्र सञ्चालनको सुनिश्चितता गर्ने व्यवस्था मिलाउनका लागि गाउँपालकिमा कार्यक्रम सञ्चालन गर्न संस्थासँग समन्वय र सहाकार्य गरिनेछ ।
- अभिभावक बिहीन टुहुरा बालबालिकालाई विशेष संरक्षणको व्यवस्था गर्न निशुल्कः स्वास्थ्य र शिक्षाको सेवा उपलब्ध गाराईनेछ ।
- घटना दर्ता प्रणालीलाई थप व्यबस्थित बनाई कानूनमा उल्लेखित अवधि भित्रनै घटना दर्ता गर्न अभिप्रेरित गरिने गरी अभियानहरु सञ्चालन गरिनेछ ।

### ४.५ अपाङ्गता भएका नागरिकः

- अपाङ्गता परिचय पत्र जारी गर्ने कार्यलाई सरल र निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

- गाउँपालिका स्तरीय अपाङ्गता समन्वय समिति मार्फत् सहायता सामग्री आवश्यक पर्ने व्यक्तिलाई निशुल्क सहायता सामग्री उपलब्ध गराइनेछ । गाउँपालिका क्षेत्रमा निर्माण हुने सरकारी भवन लगायत संरचनाहरुलाई अपाङ्ग मैत्री बनाउन प्राथमिकता दिइनेछ ।

- पूर्ण अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनका विविध पक्षमा सहयोग पुर्याउन अपाङ्ग सहयोगी परीचारक व्यवस्था गरिने छ । अपाङ्गता भएको व्यक्तिको लागि सहयोग गर्न नियुक्त व्यक्तिगत सहयोगी सम्बन्धी कार्यविधिको कार्यान्वयनबाट निजहरुलाई उपलब्ध गराउनु पर्ने सेवालाई थप बिस्तार तथा व्यबस्थित गरिदै लगिनेछ ।

- अपाङ्गता भएका व्यक्तिको जीवन सहज बनाउन सीपमुलक तालिम, सचेतना गोष्ठी, क्षमता विकास लगायत निजहरुको आबाज सुन्न जनप्रतिनिधीसँग अन्तरकृया जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । निजहरुको आत्म सम्मान उँचो राख्न आयमुलक कार्यक्रममा जोड्ने प्रयत्न गरिनेछ ।

- पहेँलो कार्ड पाउने अपाङ्गता भएका व्यक्तिलाई आन्तरिक श्रोतबाट यथासक्य निर्बाह भत्ताको व्यवस्था गर्ने पहल गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित दिवसमा विभिन्न कार्यक्रम सञ्चालन गरी मनाईनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित दिवसमा विभिन्न कार्यक्रम सञ्चालन गरी मनाईनेछ ।

- मनहरी गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुलाई सही पहिचान सहितको परिचयपत्र सहज रुपमा उपलब्ध गराउन घुम्ति शिविर सञ्चालन गरिनेछ ।

- पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य तथा हेरचाहलाई विचार गरी पेषाणयुक्त खानेकुरा सहित घरभेट कार्यक्रम सञ्चालन गरिनेछ ।

४.६ जेष्ठ नागरीकः

- जेष्ठ नागरिकहरुको आत्म सम्मानलाई उच्च बनाउन उचित सम्मानका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- जेष्ठ नागरिक सहायता कोषको स्थापना गरी निजहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण, नियमित खाने ओषधिको निःशुल्क वितरणको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

- संघीय सरकारबाट कार्यान्वयन गरिने जेष्ठ नागरिक भत्ताको वितरणलाई सहज बनाउन वडा कार्यालय र बैंकहरुसँगको सहकार्यमा सकेसम्म अति अशक्त जेष्ठ नागरिकलाई घर दैलोमै भत्ता उपलब्ध गराउने प्रयास गरिनेछ ।

इन्द्रमान कालाखेती
अध्यक्ष

...गाउँपालिका
कार्यपालिकाको कार्यालय
...जीवा, मकवानपुर
बागमती प्रदेश, नेपाल

- सन्तान बिहिन तथा संरक्षक बिहिन आमा बुवाहरुलाई आवश्यकता अनुसार आश्रय घरमा सुरक्षित रुपमा राख्ने व्यवस्था मिलाईने छ । जेष्ठ नागरिकलाई हुने बिभिन्न दुर्व्यबहार बिरुद्धका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- जेष्ठ नागरिक परिचय पत्र बनाउने कार्यमा सरलता कायम गरिनेछ । वडा तथा गाउँपालिकाबाट प्रदान गरिने सेवा लिन आउने सेवाग्राही मध्ये जेष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिई सेवा प्रदान गरिनेछ ।

- ज्येष्ठ नागरिकहरुसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु विभिन्न कार्यक्रम सञ्चालन गरी मनाईनेछ ।

- गाउँपालिका भित्रका सामाजिक क्षेत्रमा कृयाशिल ज्येष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ । साथै ज्येष्ठ नागरिकहरुको उचित स्याहार तथह हेरचाह गर्ने सन्तानलाई प्रोत्साहन स्वरुप पुस्कृत गरिनेछ ।

- जनप्रतिनिधीसँग जेष्ठ नागरिकको सम्बन्ध स्थापित गर्न जेष्ठ नागरिकहरुलाई पोषण प्याकेज सहित घरभेटमा जाने कार्यको थालनी गरिनेछ ।

- जेष्ठ नागरिक समन्वय समिति गठन गरी परिचालन गरिनेछ । ज्येष्ठ नागरिकका अनुभव उपयोग गर्ने तथा जेष्ठ नागरिक सम्मानका कार्यक्रम सञ्चालन गरिनेछ ।

४.७ दलित समुदायः

- दलित समुदायसँग रहेको परम्परागत सीपलाई व्यावसायिकरण गर्ने कार्यक्रम कार्यान्वयन गर्न दलित समन्वय समितिसँगको सहकार्यमा आरन सुधार लगायतका योजना बनाई कार्यान्वयन गरिनेछ ।

- आर्थिक रुपले बिपन्न दलित समुदायका बालबालिकालाई छात्रबृत्ति तथा शैक्षिक सामग्रीको सहयोगबाट पठन-पाठनमा प्रोत्साहीत गरी कक्षा छाड्ने प्रबृतिलाई निरुत्साहित गरिनेछ ।

- समाजमा अझै सम्म बिद्यमान रहेको छुवाछुत तथा जातिय विभेद जस्ता कुरीति र अन्धबिश्वासलाई हटाउन धार्मिक संजाल सहितको सहभागितामा वडा स्तरमा सहभोज जस्ता कार्यक्रम आयोजना गरिनेछ ।

- दलित समन्वय समितिको सकृयतामा सो समुदायको समुत्थानको लागि सुझाव संकलन गरी योजनाबद्ध कार्यान्वयन गर्न जनप्रतिनिधीसँग अन्तरकृया सञ्चालन गरिनेछ ।

- अति बिपन्न अवस्थामा जीवन यापन गरिरहेका दलित परिवारको विवरण संकलन गरी आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ ।

रञ्जन कालाखेती
अध्यक्ष

- भूमिहीन दलितलाई राष्ट्रिय भूमि आयोगको समन्वयमा जग्गाधनी पुर्जा वितरणको प्रकिया अगाडी बढाइनेछ ।

४.८ आदिबासी जनजातीः

- आदिबासी जनजातिहरुलाई सम्मान पुग्ने कार्यक्रम व्यबस्थित रुपले सञ्चालन गर्न गाउँपालिका स्तरीय आदिबासी जनजाति समन्वय समितिलाई सकृय बनाईनेछ ।
- आदिबासी जनजातिहरुको बिशिष्ट पहिचान झल्काउने सांस्कृतिक बस्तु, परम्परागत कला तथा पुराना प्रयोगका सामग्रीहरु रहने गरी एक संग्रहालय स्थापनाको सुरुवात गरी बृहत बनाउन प्रदेश तथा संघ सरकारमा पहल गरिनेछ ।
- अति बिपन्न बर्गका आदिबासी जनजाति परिवार पहिचान गरी उनीहरुका बालबालिकालाई बिद्यालय तथा उच्च शिक्षा र परिवारलाई स्वास्थ्य बीमामा सहयोग गरिनेछ । साथै आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ ।
- आदिबासी जनजातिको परम्परा तथा पहिचान झल्कने सांस्कृतिक कार्यक्रम तथा महोत्सवको अवसरमा उचित सहयोग प्रदान गरिनेछ ।

४.९ अल्पसंख्यक समुदाय/मुस्लिमः

- गाउँपालिका क्षेत्रमा बसोबास गर्ने चेपाङ्ग, बोटे, वनकरीया जस्ता अल्पसंख्यक समुदायलाई मुलप्रवाहिकरण गर्ने योजनाहरु कार्यान्वयन गरिनेछ ।
- वनकरीया बस्तिमा रहेको होम स्टेलाई थप व्यवस्थित बनाई सञ्चालनको लागि प्रचार प्रसारमा सहयोग गरिनेछ ।
- बोटे समुदायको नमुना बस्तीलाई पर्यटकीय रुपमा विकास गर्ने र कृषि तथा माछा पालन कार्यमा सहयोग गरी आय आर्जन बढाउने कृयाकलापमा सहयोग गरिनेछ ।
- चेपाङ्ग समुदायलाई सहयोग पुग्ने उपयुक्त सुझावहरु संकलनको लागि सो समुदायका अगुवा नागरिकहरु सहभागी बनाई जनप्रतिनिधी सँग अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रिय भूमि आयोगको समन्वयमा भूमिहीन सुकुम्बासीलाई जग्गाधनी पूर्जा वितरणमा अल्पसंख्यक समुदायलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका थोरै संख्याका मुस्लिम/ इसाई समुदायलाई सम्मान पुग्ने योजनाहरु कार्यान्वयन गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

- मुस्लिम समुदायले प्रार्थना गर्ने मस्जिद तथा अन्तिम संस्कार गर्ने कब्रस्थानको उचित व्यवस्थापनमा सहयोग पुर्याइनेछ । मुस्लिम समुदायको धार्मिक तिर्थ यात्रामा सहयोग गरिनेछ ।

- मुस्लिम समुदायका बालबालिकाको शिक्षामा सहयोग, परिवारलाई स्वास्थ्य बीमा, मदरसा सञ्चालन, पहिचान कायम राख्ने तथा अन्य आवश्यक विषयमा समुदायका अगुवाहरुको सुझाव बमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- मुस्लिम महिलालाई लक्षित गरी आधारभूत तथा एडभान्स लेभलको सीपमुलक तालिम सञ्चालन तथा आय आर्जनको कृयाकलापमा सहयोग गरिनेछ ।

- अल्पसंख्यक समुदायले गर्ने व्यवसाय संरक्षणको लागी आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ ।

### ४.१० संस्कृति प्रवर्द्धनः

- समाजमा रहेको सांस्कृतिक विविधतालाई जिवन्त राख्दै धार्मिक सदभाव बढाउन समाजमा एक आपसको धर्म र संस्कृतिलाई सम्मान गर्ने भावना जागृत गर्न सचेतना कायम गरिनेछ ।

- हिन्दु, बौद्ध, क्रिश्चियन र मुस्लिम धर्मका धर्मगुरुहरु सहभागी गराई समाजमा बिद्यमान धार्मिक सहिष्णुता दीगो बनाउने कृयाकलाप सञ्चालन गरिनेछ ।

- धार्मिक समुदाय तथा जातिगत समुदायबाट मनाईने बडा दशैं, लोह्सार, बुद्ध पूर्णिमा, क्रिस्मस, इदउल फित्र, न्वागी आ-आफ्नो सांस्कृतिक चाड, पर्व र धार्मिक दिवसहरुमा शुभकांना आदान प्रदान तथा पर्व प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

- मठ मन्दिर, गुम्बा, चर्च, गिर्जाघर, मस्जिद मदरसा, मरणघाट, बिश्राम पाटी, धार्मिक स्मारक, जातिगत गुठी, संग्रहालय जस्ता संरचनालाई भौतिक निर्माण तथा मर्मत कार्यमा यथासक्य सहयोग गरिनेछ ।

- सबै समुदायको भाषा, कला, साहित्य, सांस्कृतिक आचरणको संरक्षणमा जोड दिइनेछ । प्राथमिक तहसम्म स्थानीय भाषामा अध्ययन अध्यापनमा सहयोग गरिनेछ । धार्मिक पर्यटन, परम्परादेखि चलेको धार्मिक जात्रा, पुरातात्विक महत्वको सम्पदा आदिको संरक्षण गरिनेछ ।

### ४.११ खानेपानी तथा सरसफाईः

- शुद्ध खानेपानी पाउने नागरिक अधिकारको सम्मान गर्दै वडागत रुपमा योजनामा बजेट बिनियोजन गर्दा सबै घरमा शुद्ध खानेपानी पुर्याउने कार्यालाई पहिलो प्राथमिकतामा



रन्जन कालाखेती
अध्यक्ष

राखिनेछ । खानेपानी आयोजनाहरुबाट वितरण हुने प्रणालीलाई व्यवस्थित बनाउन खानेपानी तथा सरसफाई समिति गठन तथा सञ्चालन गरिनेछ ।

- विशेष गरी पिउने पानीबाट फैलने पानी जन्य रोगको संक्रमण हटाउन पानीको गुणस्तर परीक्षण तथा शुद्धिकरण गरी पिउने चेतना अभिबृद्धी सम्बन्धी कार्यक्रम गरिनेछ ।

- खुल्ला दिसामुक्त गाउँपालिका भएकोले अझैसम्म पनि शौचालयको व्यवस्था नगरेका घरमा शौचालय व्यवस्था गर्न दण्डात्मक तथा प्रोत्साहनको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउन सञ्चालन गर्नुपर्ने न्युनतम भौतिक तथा सामाजिक गतिबिधिहरु सञ्चालन गरिनेछ ।

- व्यक्तिगत सरसफाईको महत्व बारेमा समाजमा चेतना बढाई विद्यालयमा कक्षागत तथा व्यक्तिगत सरसफाई प्रतियोगिता अभ्यास सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

- बृहत खानेपानी आयोजनाबाट सार्वजनिक स्थलमा वितरण हुने धारा जडान गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी गरिनेछ ।

- एक घर एक धारा व्यवस्थापन गरी खेर जाने पानीको सदुपयोगबाट करेसाबारी प्रवर्द्धन हुने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**४.१२ सामाजिक समावेशीकरणका अन्य आयाम**

- गाउँपालिका स्तरको लैंगिक अल्पसंख्यकहरुको विवरण संकलन गरी आवश्यक सेवा सहयोगको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- बागमती प्रदेश सुशासन केन्द्रको समन्वयमा तयार गरिने लैंगिक समानता तथा सामाजिक सामाजिकीकरण (GESI/लै.स.सा.स.)को पाँच बर्षिय रणनितिक योजना स्वीकृत गरी उक्त रणनितिक योजनामा उल्लेखित विधि तथा प्रावधानको आधारमा लैंगिक मैत्री गाँउपालिका बनाउने कृयाकलाप सञ्चालन गरिनेछ ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराईएको स्थानीय तहकालागी सामाजिक समावेशीकरण नमुना नीति, २०७८ लाई आवश्यक परिमार्जन गरी कार्यान्वयन गरिनेछ ।

- पालिकामा रहेका द्धन्द पीडित नागरिकलाई राज्यबाट नियमानुसार उपलब्ध सेवा सुविधाको पहुंचमा सहयोग र समन्वय गरिनेछ । सहीद परीवार,घाईते,अपाङ्ग तथा द्धन्द पीडित परीवारलाई उचित सम्मानको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

रन्जन कालाखेती

उनीहरुको परिवारका सदस्यलाई सीपमूलक तालिम मार्फत् आय आर्जनमा सहयोग पुर्याइनेछ ।

- संघीय तथा प्रदेश सरकारबाट मनाइदै आएको जनयुद्ध दिवसलाई गाउँपालिकामा समेत बिभिन्न कार्यक्रम गरी मनाइनेछ ।

- संविधान दिवसको दिनमा पूर्व जनप्रतिनिधि सम्मान् लगायत बिभिन्न कृयाकलाप सञ्चालन गरी मनाइनेछ ।

- गाउँपालिकाभरका एक निश्चित आम्दानी भएका जीवन गुजारामा समस्या परेका परिवारलाई लक्षित गरि बिपन्न बर्ग परिवारको तथ्याङ्क अद्यावधिक गर्ने कार्य गरिने र अद्यावधिक विवरणमा समाबेश भएका परिवारलाई स्वास्थ्य बीमा, शिक्षण कृयाकलाप, जीविकोपार्जनका लागि रोजगारी सिर्जना लगायतका कल्याणकारी कार्य सञ्चालन गरिनेछ ।

- शहिद परिवार तथा द्वन्द पीडित परिवारको सम्बर्द्धन कार्यक्रममा सञ्चालन गरिनेछ ।

- राज्यबाट बिभिन्न लक्षित बर्गलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ताको वितरण प्रकृया सरल बनाउन एकीकृत सामाजिक सुरक्षा कार्यक्रम समन्वय समितिको गठन गरी सामाजिक सुरक्षा सम्बन्धी सबै कार्यहरुमा सहजीकरण गरिनेछ ।

- रेडक्रस लगायत गैर नाफामुलक संस्थाहरुको कार्यक्रममा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

**५. सुशासन तथा संस्थागत विकासः**

**५.१ मानव संसाधन विकास कार्यक्रमः**

- गाउँपालिकाको निर्णय कार्यान्वयन, बजार अनुगमन तथा स्थानीय सुरक्षा समेतका आधारमा विश्लेषण गरी यसै आर्थिक वर्ष नगर प्रहरीको संगठन संरचना अनुसारको दरवन्दी अनुसार करार सेवामा पदपूर्ति गरिनेछ ।

- कर्मचारी तथा जनप्रतिनिधिहरुलाई आवश्यकता तथा आफ्नो विषयसँग सम्बन्धित विषयका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- कर्मचारीहरुको मनोबल उच्च राख्न मौद्रिक तथा गैर-मौद्रिक प्रोत्साहनलाई निरन्तरताका साथै उत्कृष्ठ कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत समेत गरिनेछ ।

- कृषि तथा पशु सेवालाई प्राथमिकतामा राखी प्रभावकारी सेवा प्रवाह गर्न मनहरी गाउँपालिका भित्र कम्तिमा २ वटा कृषि तथा पशु सेवा केन्द्र सञ्चालनमा ल्याईनेछ ।



रन्जन कालाखेती
अध्यक्ष

५.२ सूचना प्रविधि, आमसञ्चार तथा अभिलेख व्यवस्थापनः

- सूचना प्रविधिको माध्यमवाट विद्युतिय सुशासन कायम गर्न गाउँपालिका तथा वडा कार्यालय, स्वास्थ संस्था तथा विद्यालयहरुमा सूचना प्रविधिको उपयोग बर्ढाईनेछ ।

- अनलाईन कर प्रणालीलाई प्रोत्साहन गर्दै गाउँपालिका तथा वडा कार्यालयहरुबाट गरिने सेवा प्रवाहमा एकरुपता ल्याउन एकिकृत व्यवस्थापन प्रणाली प्रयोगमा ल्याईनेछ ।

- अभिलेख व्यवस्थापनलाई प्राथमिकतामा राखी चाहिएको बखत पाइने गरी व्यवस्था गरिनेछ ।

- गाउँपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाको सन्दर्भमा सेवाग्राहीहरुमा उत्पन्न हुने द्विधाको अन्त्य गर्न डिजिटल नागरिक वडापत्र जडान गरिनेछ ।

- सामाजिक सुरक्षा भत्ता वितरण तथा पञ्जिकरण कार्यलाई व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गरिनेछ ।

- वडा कार्यालयहरुको सुरक्षालाई मध्यनजर गर्दै सबै वडाहरुमा सि.सि. क्यामेरा जडान गरिनेछ ।

- गाउँपालिकाका नीति कार्यक्रम लगायत महत्वपुर्ण सूचना तथा निर्णयहरुलाई सूचना प्रविधिको माध्यम प्रकाशन तथा प्रशारण गरी गाउँपालिकाको नीति तथा निर्णय भएको विषय वस्तुमा सर्वसाधारणको पहुँच अभिबृद्धि गरिनेछ ।

- मुख्य बजार क्षेत्रमा सूचनापाटी स्थापना प्राथमिकता दिइनेछ । स्थापित सुचनापाटीको सुरक्षा व्यवस्था गर्न बत्ती सहित सि.सि. क्यामेरा जडान गरिनेछ ।

- जिल्ला तथा गाउँपालिकामा प्रकाशित/प्रशारण हुने एफ.एम., पत्रिका, अनलाईन खबर लगायत माध्यमबाट गाउँपालिकाका गतिविधि सार्वजनिक गरि पारदर्शी बनाइनेछ ।

- मनहरी गाउँपालिका क्षेत्रमा रही कृयाशिल पत्रकारहरुको क्षमता विकास र व्यावसायिकरणमा सहयोग पुर्याइनेछ ।

- सूचना प्रविधि र आमसंचारको पहुँचबाट टाढा रहेका अति बिपन्न, असहाय तथा सर्बहारा बर्गका समुदायबीच आमसंचारको पहुँच पुर्याउन विशेष कार्यक्रम ल्याइनेछ ।

- साबिक हाँडीखोला क्षेत्रमा एफ.एम. रेडीयो सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

- गाउँपालिको रक्त संचारको रुपमा रहेको राजश्व, योजनालाई व्यवस्थित गर्न प्रयोग भएको सफ्टवेयरहरुलाई परिमार्जित गर्दै कार्य सम्पादन छिटो, छरितो र प्रभावकारी गराइनेछ । उक्त कार्यक्रम सबै वडाहरुमा पनि सञ्चालन गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

## ५.३ गैर सरकारी संस्था तर्फः

- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरी नीतिगत व्यवस्था गरिनेछ ।

- गाउँपालिकाका लागू पदार्थ दुर्व्यसनमा फसेका युवा तथा त्यस्तो दुर्व्यसनमा जाने सम्भावना भएका नागरिकलाई लक्षित गरी गै.स.स.मार्फत् लागू पदार्थ दुर्व्यसन नियन्त्रण जस्ता सचेतना तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

- मानव अधिकारको क्षेत्रमा क्रियाशिल गै.स.स.मार्फत् मानव अधिकार संरक्षणका गतिबिधिहरु र दिवसिय क्रियाकलापमा साझेदारी गरिनेछ ।

- मानव बेचबिखन बिरुद्धको गाउँपालिकास्तरीय समितिलाई कृयाशिल बनाई सरोकारवालाहरुलाई सहभागी बनाई मानव बेचबिखन बिरुद्ध गोष्ठी सञ्चालन गर्ने, बेच बिखनमा परेकालाई उद्धार, उपचार, मनोसामाजिक परामर्श लगायत अस्थायी आश्रय तथा पुर्नः स्थापना लगायत सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

- गाउँपालिकालाई कार्यक्षेत्र बनाई स्वाथ्य, शिक्षा, सीप निर्माण, प्रबिधि/पूंजी हस्तान्तरण, जिविको पार्जन, खाद्य सम्प्रभुता, मानव अधिकार, मानव बेचबिखन, महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक, सिमान्तकृत, आदिबासी जनजाति, लोपोन्मुख/अल्पसंख्यक, दलित आदि समुदायलाई प्रत्यक्ष सहयोग गर्ने, कृषि/पशुपालन आदिमा सहयोग गर्ने लगायत आफ्ना सामाजिक कृयाकलाप, सचेतना मूलक तथा प्रत्यक्ष जनजीविकाका सवालमा आफ्नै श्रोतबाट कार्यन्वयन गर्ने स्थानीय सामुदायिक तथा राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसँग कार्यक्रममा दोहोरोपना नहुने गरी समन्वय र सहकार्य गरिनेछ ।

- गैर सरकारी संस्थाका कृयाकलापलाई कार्यक्रम, कार्यान्वयन पूर्व स्वीकृति लिने, सामयिक कार्यक्रमको समीक्षा तथा अनुगमन गर्ने र सम्पन्न पश्चात प्रतिवेदन बुझाउनु पर्ने गरी पारदर्शिता कायम आवश्यक व्यवस्था गरिनेछ ।

- गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरी नीतिगत व्यवस्था गरिनेछ ।

- गाउँपालिकालाई कार्यक्षेत्र बनाई लामो समयका सामाजिक विकास कार्यको परियोजना सहित परिचालन भएका गै.स.स.लाई विशेष प्राथमिकता दिई सहकार्य गरिनेछ ।

रञ्जन कालाखेती
अध्यक्ष

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नेया, मकवानपुर
बागमती प्रदेश, नेपाल

- सामाजिक/आर्थिक विकासको क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने गैरसरकारी संस्थालाई सम्मान सहित पुरस्कृत गरिनेछ ।

- गाउँपालिका क्षेत्रभित्र कार्यरत बाणिज्य बैंक, विकास बैंक, लघुबित्त संस्था, सहकारी जस्ता बित्तिय संस्थाहरुको विशेष अनुगमन गरी निजहरुबाट प्रवाह हुने सेवा गुणस्तरीयताको लागि आपसी अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।

५.४ सार्वजनिक निजी साझेदारीः

- गाउँपालिकाबाट निर्माणाधिन शीत भण्डारको सञ्चालन तथा व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, आन्तरिक राजस्व परिचालन, लगायतका क्षेत्रमा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ । साथै विगतमा झैं यस बर्ष पनि जन लागत सहभागिताका क्षेत्रमा बजेट विनियोजन गरिनेछ ।

- निर्वाहमुखी कृषिलाई रुपान्तरण गर्न व्यावसायिक रुपमा तरकारी खेती, कुखुरापालन, माछापालन, पशुपालनका क्षेत्रमा आवश्यक तालिम तथा प्रविधि सहयोगलाई प्राथमिकता दिइनेछ ।

- गलैंचा, दुना टपरी, तयारी पोषाक, स्वेटर लगायत रोजगारी सिर्जना हुने तथा स्थानीय कच्चा पदार्थको प्रयोग हुने किसिमका उद्योग व्यवसायीले साझेदारी गर्न चाहेमा निश्चित मापदण्ड बनाइ साझेदारी गरिनेछ ।

- जनतासँग प्रत्यक्ष जोडिएर विकास निर्माणको काममा संलग्न हुनु पर्ने अध्यक्ष/उपाध्यक्ष हरुले कतिपय बजेट नीति कार्यक्रममा नसमेटिएका योजनाहरुलाई सम्बोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- विगतमा गाउँपालिकाले खरीद गरी प्रयोग बिहीन अबस्थामा रहेको स्वेटर बुन्ने मेशीनको सञ्चालन गर्न सार्वजनिक निजी साझेदारी अबधारणा बमोजिम स्थानीय युवा समूह वा सहकारीसँगको सहकार्यमा सदुपयोग गरिनेछ ।

५.५ आन्तरिक स्रोत परिचालन तर्फः

- राजश्व परामर्श समिति र राजश्व शाखालाई सुदृढ, सक्षम र प्रविधि मैत्री बनाउँदै सम्पत्ति कर, विज्ञापन कर, ब्यवसाय कर, घर बहाल करलाई ब्यवस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ । करको दायरा फराकिलो पार्न यसै वर्षभित्र करदाताको लगत संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नीति तथा कार्यक्रम, २०८०/०८१

रन्जन कालाखेती
अध्यक्ष

- करको दर परिमार्जन नगरी करका दायराहरु फराकिलो पार्न नयाँ स्रोतहरुको पहिचान गरिनेछ ।

- ढुङ्गा, गिट्टी, वालुवाको बिक्री शुल्क संकलनलाई अनलाईन तथा अफ लाईन सप्टवेयर मार्फत् रसिद काट्ने र राजश्व नाकामा सि.सि. क्यामरा मार्फत् अनुगमनलाई कडाई गरिनेछ ।

- बेलावखतमा कर शिविर आयोजना गरी समयमा कर तथा शुल्क तिर्ने गाउँवासीलाई थप हौसलास्वरुप निश्चित प्रतिशत छुट दिने तथा समयमा कर तथा शुल्क नतिर्ने गाउँवासीलाई जरिवाना गर्ने तथा वार्षिक रुपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

५.६ न्यायिक सेवा,संगठन तथा सुशासन तर्फ

- स्थानीय न्यायिक समिति मार्फत् शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

- वडास्तरिय मेलमिलाप केन्द्रलाई सक्रिय बनाई वडाबाट नै न्यायिक कार्य सम्पादन गरिनेछ ।

- मेलमिलापकर्ता तालिम प्राप्त व्यक्तिहरुको सुचीकृत गर्दै जनप्रतिनिधि तथा मेलमिलाप कर्ताहरुलाई न्यायिक प्रकृया तथा कानूनी विषयहरुमा तालिम प्रदान गरिनेछ ।

- न्यायिक सेवाबाट टाढा रहने सम्भावना भएका लक्षित समूदाय तथा आम नागरिकहरुमा नागरिकहरुमा न्यायिक समितिसँगको सम्बन्धबारे सचेतनामुलक कार्यक्रम गरिनेछ ।

- वडास्तरमा न्यायिक समिति तथा मेलमिलापकर्ताबाट निरुपण हुन सक्ने बिबादहरुको सूचि उल्लेख गरी होर्डिङ्गबोर्ड स्थापना गरिनेछ ।

- गाउँपालिकाबाट सम्पादन भइरहेको न्यायिक कृयाकलापको प्रभावकारीता बारे राजनीतिक दल, सुरक्षाकर्मी, अगुवा महिला, बाल सञ्जाल, मानव अधिकारकर्मी, जनप्रतिनिधि सहित कानूनबिदको सहभागितामा अन्तरकृया कार्यक्रम आयोजना गरिनेछ ।

- स्थानीय न्यायिक निरुपणमा महिला, दलित, जेष्ठ नागरिक, बालबालिका, द्वन्द पीडित तथा जेष्ठ नागरिकलाई पहिलो प्राथमिकतामा राखी सेवा प्रवाह गरिनेछ ।

- न्यायिक समिति पदाधिकारी, मेलमिलापकर्ता तथा न्यायिक सहजकर्ताहरुलाई नमूना न्यायिक कार्यसम्पादन भएका पालिकाहरुमा अनुभव आदान प्रदान भ्रमण कार्यमा सहभागी गराइनेछ ।

कालाखेती
अध्यक्ष

- मनहरी ३ लामिटारमा हाल सञ्चालन भइरहेको न्यायिक इजलासको भौतिक सुधार गर्दै आवश्यक साधन श्रोतले व्यवस्थित बनाइने छ ।

- स्थानीय तहका कर्मचारीहरुको क्षमता विकास तथा कार्यप्रति उत्प्रेरित गर्न आवश्यकता अनुसार तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

- स्थानीय तहमा सञ्चालित विभिन्न परियोजनालाई पारदर्शी, दिगो र व्यवस्थित बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण र नागरिक वडापत्र गाउँपालिकाको सबै वडामा अनिवार्य व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- उच्चस्तरको कार्यसम्पादनमा रहेका कर्मचारीलाई प्रोत्साहन भत्ता उपलव्ध गराइदै आएकोमा, प्रोत्साहन भत्ता रकम र नगद पुरस्कार तथा सम्मानको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

- कार्यसम्पादन सन्तोषजनक रहेका करार सेवाका कर्मचारीहरुको सेवालाई निरन्तरता दिइनेछ ।

- गाउँपालिकाद्वारा तयार भएको व्यवस्थापन तथा सर्वेक्षणलाई स्वीकृत गरी सो अनुसारको दरवन्दी पदपर्ति प्रकृयालाई अगाडी वढाइनेछ ।

- गाउँपालिकाको हालसम्मको महालेखा परीक्षकबाट औल्याईएका बेरुजुलाई लेखा समिति मार्फत् गाउँसभामा लगी नियमित गर्ने कार्य निरन्तर गरिनेछ ।

- गाउँपालिकाको प्रशासकीय भवनको लागि आवश्यक जग्गा प्रासि लगायतका कार्य सम्पन्न गरी दुई बर्षभित्र भवन निर्माण सम्पन्न गरिनेछ ।

- सेवा प्रवाहका विषयमा सेवाग्राहीको लिखित गुनासो सुन्न गुनासो पेटिकाको व्यवस्था गरिनेछ । गुनासोपेटिकामा परेका लिखित गुनासो सामयिक रुपमा खोली आवश्यक सम्बोधन गरिनेछ ।

- कार्यालयका विषयगत शाखा फाँटबाट तालिम, गोष्ठी, अभिमुखिकरण, छलफल, अन्तरकृया कार्यक्रमा उपलब्ध गराइने डटपेन स्पाइरल लगायतका सामग्रीहरुमा मितब्ययिता ल्याउने गरी कार्यालयको एउटै शाखाबाट खरिद गरी कार्यालयको लोगो अंकित गाउँपालिकाको चिनारी दिने किसिमको सामग्री उपलब्ध गराइनेछ ।

- कार्यालय सञ्चालनको लागि आर्थिक स्रोतको अभाव नहुने गरी वडा कार्यालयलाई स्रोत सम्पन्न गरिनेछ ।

रन्जन कालाखेती
अध्यक्ष

- विगतमा जस्तै जिन्सी व्यवस्थापनमा संघीय सरकारको सफ्टवेयर PAMS लाई अनिवार्य प्रयोग गरी गाउँपालिका मातहतमा रहेका जिन्सी सामग्री र सम्पत्ति एकीन गरी अधावधिक गरिनेछ ।

- कार्यालयलाई कम बोझिलो बनाइ चुस्त रुपमा कार्य सम्पादनको लागि स्वीकृत दरवन्दीभन्दा बाहेक अनावश्यक कर्मचारी भर्ना तथा सरुवा भई आउने परिपाटी निरुत्साहित गरिनेछ ।

अन्त्यमा आ.ब.०८०/०८१ को लागी यस नीति तर्जुमामा प्रत्यक्ष र परोक्ष रुपमा सहभागी हुनुहुने विषयगत समिति लगायत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल लगायत सरोकारवालाहरुमा हार्दिक आभार व्यक्त गर्दै यसको कार्यान्वयनमा समेत सक्रियतापूर्वक सहभागी भई दिनहुनेमा पूर्णत विश्वस्त रहेको छु ।

रञ्जन कालाखेती
गाउँपालिका अध्यक्ष

रन्जन कालाखेती
अध्यक्ष

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
मनहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नीति तथा कार्यक्रम, २०८०/०८१